# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

भाषिक दृष्टिले हेर्ने हो भने नेपालमा बोलिने मुख्य चार वर्गका भाषा परिवारमध्ये सबैभन्दा बढी बोलिने भारोपेली परिवारका भाषाहरुभित्र मागधि वर्गमा दनुवारी भाषा पनि पर्दछ ( दाहाल,०६१:२) । यो भाषा कथ्यमा मात्र सीमित भएकोले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १८ को दफा १ र २ बमोजिम भाषा, साहित्य, कला, लिपि र संस्कृतिको विकासमा राज्यले उल्लेख्य काम गर्न सकेको छैन (पूर्ववत्,०६१:२२३) । जे जति भएका छन् त्यो शैक्षिक अनुसन्धान क्षेत्रका रुचिमा मात्र हुने गरेका छन् । दनुवारी भाषा पनि राष्ट्रकै सम्पत्ति हो । यसको संरक्षण हुनु जरुरी छ । आज धेरै दनुवारीहरु आफ्नो मातृभाषाा बोल्न सक्ने स्थितिमा छैनन् (पूर्ववत्, ०६१:२२३) ।

२०६८ को जनगणनानुसार नेपालमा ८४,११५ दनुवारहरुको जनसंख्या रहेको छ भने सिन्धुली जिल्लामा मात्र यसको जनसंख्याा १७,२३६ रहेको छ (एनपीएचसी,२०११:१५०) । अन्य भाषा भाषीका तुलनामा दनुवारी भाषा, साहित्य, कला र संस्कृतिको विकास अनिवार्य देखिन्छ । यस अघि जे जति भाषा, जाति, संस्कृतिसम्बन्धी अध्ययन भएका छन् ती सबै सऱ्हानीय छन् । यद्दपि राज्यलाई दवाब दिन र स्वयम् दनुवारी भाषीलाई आफ्नो भाषिक तथा सांस्कृतिक सम्पत्ति र विशेषताको संरक्षणका लागि अभिप्रेरित गर्न थप प्रयासहरु गर्नु जरुरी छ । यसै सन्दर्भमा स्नातकोत्तर तहअन्तर्गतको शोध अध्ययनमा सिन्धुली जिल्लाका कक्षा दशमा अध्ययनरत् दनुवारभाषी विद्यार्थीहरुले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरुको अध्ययन आवश्यक र महत्वपूर्ण बन्न गएको हो ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्रको समस्याकथन निम्नानुसार रहेको छ :

(क) कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले गर्ने वाक्यगठनका त्रुटिहरु के-के हुन् ?

(ख) कक्षा दशका दनुवारीभाषी विद्यार्थीहरुले वाक्यगठन गर्दा आइपर्ने समस्याका कारणहरु के-के हुन ?

(ग) कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले वाक्यगठन गर्दा देखापर्ने तुलनात्मक भिन्नताहरु के-के हुन् ?

(घ) व्याकरणिक कोटिको प्रयोगमा दनुवारभाषी विद्यार्थीहरुद्वारा गरिने त्रुटि निराकरण उपायहरु के-के हुन ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रमा निम्नानुसारका उद्देश्यहरु रहेका छन् :

(क) सिन्धुली जिल्लाका कक्षा दशमा अध्ययनरत दनुवारभाषी विद्यार्थीहरुले गर्ने त्रुटिहरुको पहिचान गर्नु ,

(ख) कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले गर्दा आइपर्ने समस्याका कारणहरु पत्ता लगाउनु

(ग) कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले वाक्य गठन गर्दा देखा परेका तुलनात्मक भिन्नताहरु पत्ता लगाउनु,

(ङ) व्याकरणिक कोटिको प्रयोगमा विदार्थीहरुद्धारा गरिएको त्रुटि निराकरणका उपायहरु सुझाउनु ।

## १.४ अध्ययनको औचित्य

नेपाल चार जात छत्तीस वर्णको साझा फुलवारी हो । विभिन्न जातजातिका मानिसहरु नेपालमा बस्छन् । प्रत्येक जातजतिका मानिसहरुले एउटै नेपाली भाषाको प्रयोग गर्छन् भन्ने कुरा सत्य होइनन् । जातजातिपिच्छेका मातृभाषाहरु फरक-फरक हुन्छन् । यस्ता फरक -फरक पृष्ठभूमिका विद्यार्थीहरु विद्यालयमा शिक्षा आर्जन गर्ने क्रममा वाक्यगठनका क्षेत्रमा विद्यार्थीहरुले विभिन्न किसिमका त्रुटिहरु गर्ने गर्छन् । विद्यार्थीहरुले भाषा सिक्ने क्रममा त्रुटि गर्नु स्वाभाविक हो । त्रुटि भयो भन्दैमा त्यसलाई गहन रुपमा नलिएर त्रुटिक्षेत्र पहिचान गरी उपयुक्त र सही ढङ्गले निराकरण गरिदिनु पर्दछ ।

**प्रस्तुत शोधपत्रको अध्ययनको औचित्य निम्नानुसार रहेको छ :**

(क) उपयुक्त र सही ढङ्गबाट वाक्यगठनसम्वन्धी त्रुटिहरुको अध्ययन गर्न सकिने भएकोले,

(ख) वाक्यगठन सम्वन्धी त्रुटिहरुको कमी कमजोरीबाट मुक्त भएर लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव,वाच्य र कारक अनुसार वाक्य गठन गर्न,

ग) यस अध्ययनबाट पूर्ण रुपमा वाक्यगठनसम्वन्धी समस्याको समाधान हुने भएकोले,

(घ) विद्यार्थीहरु र शिक्षकहरु व्याकरणिक कोटीअनुसार वाक्यगठनवाट बढी लाभान्वित हुने भएकोले,

(ङ) नेपाली भाषालाई स्तरीय बनाउन अभिव्यक्ति क्षमता वृद्धि गर्न र वाक्यगठन शुद्धतामा जोड दिन,

(च) दोस्रो भाषाको रुपमा नेपाली सिक्ने विद्यार्थीहरुका त्रुटिहरुको अध्ययन गर्न ।

## १.५ पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भन्नाले आफू भन्दा अगाडि कुन-कुन विषयमा शोधकार्य भइसकेका छन् । उक्त कुराहरुको बारेमा जानकारी लिने कार्यलाई बुझिन्छ । पूर्वकार्यको सन्दर्भमा भाषाविद् रामचन्द्र लमसालले प्रकाशित गरेको कृति **'ए कम्पेरेटिभ स्टडी अफ टिचरएजुकेशन इन्टर्भ अफ कन्टेन्ट एनालाइसिस इडिच्युसनल चेन्ज एन्ड इफेक्टिभनेस'** ( **१९८१**) मा वेस्टको भनाइलाई यसरी लेखेका छन् । "पूर्व अध्ययनबाट कुन शोधको प्रयोग कहाँ कसरी गर्ने, ती कसरी र कहाँ प्राप्त हुन्छन् भन्ने कुरा जान्न सकिन्छ, जसले गर्दा उद्देश्यहीन कार्य गर्नबाट धेरै समय बचाउन सकिन्छ"( लम्साल १९८१:१६) । विगतका अनुभवले वर्तमान कार्यलाई अगाडि बढाउन सहयोग पुर्‍याउने भएकोले पूर्वअध्ययनको आवश्यकता पर्दछ । अतः वाक्यगठनअन्तर्गत त्रुटिहरुको अध्ययनसँग सम्बन्धित पूर्वकार्यको अध्ययन सम्बन्धमा भएका कार्यहरु यसप्रकार उल्लेख गरिएको छ :

भोलाप्रसाद ढकाल(२०५५)द्वारा**"कक्षा नौ मा अध्ययनरत विद्यार्थीमा पाइने नेपाली वाक्यगठनसम्वन्धी त्रुटिहरुको अध्ययन"शीर्ष**कमा शोधपत्र तयार भएको पाइन्छ । यस अध्ययनको उद्देश्य भाषा सिकाइको क्रममा हुने त्रुटिको सैद्धान्तिक चर्चा गर्नु, साधारण र आवासीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट वाक्यगठनमा गर्ने त्रुटिको तुलनात्मक विश्लेषण गर्नु तथा निराकरणका लागि सुझाव दिनु रहेको छ । यस शोधपत्रले सैद्धान्तिक पक्षमा मात्र जोड दिइएको पाइन्छ ।

केशवराज पराजुली (२०५९) द्वारा **"पोखरा उपमहानगरपालिकाका कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीहरुले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरुको अध्ययन "** शीर्षकमा गरिएको शोधपत्रमा भाषा सिकाइमा हुने त्रुटि तथा वाक्यगठनसम्बन्धी सैद्धान्तिक चर्चा गरिएको पाइन्छ । उनले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि पत्ता लगाउनु, मगरभाषी विद्याथीहरुबाट गरिने त्रुटिहरुको तुलनात्मक विश्लेषण गर्नु र त्रुटि निराकरणमा र शिक्षणका उचित पद्धतिहरुका बारेमा सुझाव दिनु जस्ता उद्देश्य शोधपत्रमा उल्लेख गरेका छन् ।

दुर्गाप्रसाद दाहाल (२०६१) द्वारा **"दनुवारी भाषा : एक अध्ययन"**शीर्षकमा शोधपत्र तयार पारिएको  पाइन्छ । उक्त शोधपत्रको मुख्य उद्देश्य दनुवारी भाषाको शब्द रचना प्रकिया, शब्दवर्ग, व्याकरणात्मक धारा , भाव, कारक, विभक्ति, वाच्य, वाक्यको सामान्य परिचय दिदै संक्षिप्त व्याकरणात्मक रुपरेखा निर्माण गर्नु रहेको पाइन्छ ।

कमलप्रसाद न्यौपाने (त्रि.वि.वि.एम.ए. २०६४) द्वारा**"सिनधुली जिल्लाको कमलाखोँचको दनुवारी भाषा र नेपाली भाषामा पदसङ्गतिको व्यतिरेकी विश्लेषण"** शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रको मुख्य उद्देश्य नेपाली भाषा र दनुवारी भाषाको बीचमा पदसङ्गतिको भिन्नता पत्ता लगाउनु रहेको पाइन्छ ।

दुर्गाप्रसाद दाहाल (२०६५)द्वारा सिन्धुली जिल्लाका **"राई दनुवार जातिय भाषा र नेपाली भाषाको व्यतिरेकी विश्लेषण"** शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रको मुख्य उद्देश्य नेपाली भाषा र सिन्धुली जिल्लाका राई दनुवार जातिय भाषाको व्यतिरेकी विश्लेषण गर्नु रहेको देखिन्छ ।

सीता पौडेल (२०६५) द्वारा **"कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत थारुभाषी विद्यार्थीहरुले नेपाली भाषा प्रयोगमा गर्ने त्रुटिहरुको अध्ययन"** शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । यसको मुख्य उद्देश्य द्विभाषिक समाजका विद्यार्थीहरुले नेपाली भाषा सिक्दा गर्ने त्रुटिहरुको पहिचान गरी निराकरणका उपायहरु पहिल्याउनु रहेको देखिन्छ ।

दुर्गाप्रसाद अधिकारी (२०६७) द्वारा **"कपिलवस्तु जिल्लाका उ.मा.वि. तहमा अधययनरत विद्यार्थीले वाक्यगठनमा गर्ने त्रुटिको विश्लेषणात्मक अध्ययन"** शीर्षकमा शोधपत्र तयार पारेको देखिन्छ । उक्त शोधपत्र उ.मा.वि. तहमा अध्ययन गरिरहेका विद्यार्थीहरुले वचन, लिङ्ग, पुरुष, काल, भाव, वाच्य र पक्षमा गरेका त्रुटिहरुको विश्लेषणात्मक अध्ययनमा केन्द्रित रहेको देखिन्छ । यस शोधपत्रको मुख्य उद्देश्य विद्यार्थीहरुले वाक्यगठनका पक्षमा गरेका त्रुटिहरु कम गर्नु वा त्रुटि निराकरण गर्नु रहेको पाइन्छ ।

उषाकुमारी काफ्ले (२०६८) द्वारा **"सिन्धुली विल्लाका कक्षा नौमा अध्ययनरत दनुवारी विद्यार्थीहरुले वाक्यगठनमा गर्ने त्रुटिहरुको अध्ययन "** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । यस शोधपत्रमा दनुवारभाषी विद्यार्थीहरुले वाक्यगठन गर्दा सबैभन्दा बढी त्रुटि लिङ्ग र वाच्यमा एवम् शुद्ध वचनको प्रयोगमा गरेको पाइन्छ । समग्र त्रुटि पक्षलाई केलाउँदा बढी प्रभाव मातृभाषाको रहेको निष्कर्ष निकालिएको र शोधको मुख्य उद्देश्य वाक्यगठनगत त्रुटिमा सुधार ल्याउनु रहेको देखिन्छ ।

सरोजराज बराल (२०६९) द्वारा **"कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको वाक्यगठनसम्बन्धी त्रुटिहरुको अध्ययन"** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रको मुख्य उद्देश्य व्याकरणिक कोटि तथा त्रुटिसम्बन्धी सैद्धान्तिक चर्चा गर्नु, कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले गर्ने त्रुटिहरुको तुलनात्मक अध्ययन गर्नु रहेको पाइन्छ । उक्त शोधपत्रमा

गरिएको अध्ययनअनुसार सबैभन्दा बढी त्रुटि वाच्य र कारकमा तथा शुद्ध लिङ्ग र वचनमा गरेका छन् । समग्रमा यस अध्ययनमा पनि त्रुटि हुनुको प्रमुख कारण मातृभाषाकै प्रभाव रहेको निष्कर्ष निकालिएको छ ।

उपर्युक्त पूर्वकार्यहरुको अध्ययनले यस शोधकार्यलाई पूर्णरुपमा सहयोग नगरे पनि शोधकार्यलाई अगाडि बढाउन मार्गनिर्देश गर्ने देखिन्छ । यद्यपि यस शोधको आफ्नै विशेषता र क्षेत्र रहेकोले यो अन्य भन्दा भिन्न र विशेषीकृत बन्ने आशा गर्न सकिन्छ ।

## १.६ शोधविधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि प्राथमिक र गौण सामग्री सङ्कलन गरी उक्त सामग्रीलाई वर्णनात्मक र तुलनात्मक पद्धतिको माध्यमबाट विश्लेषण गरिएको छ ।

**(क) प्राथमिक सामग्री**

प्रस्तुत कक्षा दशका विद्यार्थीहरुले वाक्यगठनमा गर्ने त्रुटिहरुको अध्ययन शीर्षकको शोधकार्यका लागि सामग्री सङ्कलनको मुख्य स्रोत पाँच वटा विद्यालय श्री कमला उ.मा.वि. भलुवाही, मा.वि. पत्रिङ्गा, श्री जनजागरण उ.मा.वि. हर्षाही, श्री सरस्वती उ.मा.वि.डकाहा र मा.वि. सिर्थौली रहेका छन् । प्रस्तुत शोधपत्रमा प्रत्येक विद्यालयका २०-२० जना विद्यार्थीहरु छनोट गरी जम्मा १०० जना विद्यार्थीहरुलाई सूचक मानिएको छ । अध्ययनका क्रममा सामग्री सङ्कलन गर्दा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुलाई नमुनाका रुपमा लिई विषयगत र वस्तुगत एवम् स्वतन्त्र लेखन गरी तीन किसिमका ८-८ वटा प्रश्न निर्माण गरेर विद्यार्थीसमक्ष प्रस्तुत गरियो ।

उक्त शोधपत्रमा उल्लेखित विद्यालयका विद्यार्थीहरुमध्ये २०-२० जना सूचक मानिएका विद्यार्थीहरुको लिखित अभिव्यक्तिलाई मात्र आधार मानी विश्लेषण गरिएको छ । सामग्री सङ्कलनमा सम्बन्धित विद्यालयका भाषा शिक्षक तथा विद्यालय परिवारको सहयोग लिँदै प्रश्नहरुको लिखित उत्तरलाई पनि मूल सामग्री मानिएको छ । प्रश्नहरुको उत्तर दिनु पूर्व विद्यार्थीहरुलाई उत्तरपुस्तिकाको शिरमा नाम, थर, ठेगाना तथा विद्यालयको नाम लेख्न लगाई एक घण्टाको समय उपलब्ध गराइयो ।

**(ख) गौण सामग्री**

प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि गौण रुपमा पुस्तकालयीय विधिको अवलम्बन गरियो । यस शोधपत्रमा शोधविधि परीक्षण प्रक्रिया अपनाउँदा प्रयोगात्मक कार्यका लागि प्रश्नावली निर्माण गरी प्रयोगमा ल्याई परीक्षण गरेर

अध्ययन गर्नुका साथै वाक्यगठनसम्बन्धी सैद्धान्तिक अध्ययनलाई पनि प्रयोग गरिएको छ । यसका साथै विभिन्न सन्दर्भ सामग्री, कृतिगत रचनाहरु, गुरुवर्गहरुको राय र सल्लाह तथा उपलब्ध आधिकारिक शब्दकोशहरुको पनि सहयोग लिइएको छ ।

## १.७ शोधपत्रको सीमा

क) प्रस्तुत शोधपत्रको क्षेत्र सिन्धुली जिल्लाका जम्मा पाँचवटा विद्यालय श्री कमला उ.मा.वि.भलुवाही, मा.वि.पत्रिङ्गा, श्री जनजागरण उ.मा.वि. हर्षाही, श्री सरस्वती उ.मा.वि. डकाहा र मा.वि. सिर्थौलीमा मात्र सीमित रहेको छ ।

ख) कक्षा दशका विद्यार्थीहरु भन्नाले सिन्धुली जिल्लाका माथि उल्लेखित ५वटा विद्यालयमा अध्ययनरत प्रत्येक विद्यालयका २०/२० जना पर्ने गरी जम्मा १०० जना विद्यार्थीसँग लिएको परीक्षणअनुरुप विश्लेषण गरिएको छ ।

(ग) लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव,वाच्य र कारकसम्बन्धी आठ वटा तत्वमा मात्र सीमित रही अध्ययन गरिएको छ । (घ) त्रुटिअन्तर्गत विधार्थीहरुका लिखित अभिव्यक्तिमा देखिएका गल्तीहरुलाई मात्र समावेश गरिएको छ ।

## १.८ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई तलका पाँच अध्यायमा विभाजन गरी अध्यायमूलक शीर्षक अन्तर्गत रहेर अध्ययन गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : वाक्यगठन सम्वन्धी सैद्धान्तिक परिचय

अध्याय तीन : सामग्री व्यवस्थीकरण र व्याख्या तथा विश्लेषण

अध्याय चार : विद्यालयगत आधारमा कक्षा दशका विद्यार्थीहरुको त्रुटि विश्लेषण

अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

**सन्दर्भसूची**

**परिशिष्ट**

# अध्याय दुई

# त्रुटिसम्बन्धी सैद्धान्तिक परिचय

## २.१ त्रुटिसम्बन्धी सैद्धान्तिक परिचय

त्रुटिको शाब्दिक अर्थ गल्ती भन्ने हुन्छ । कुनै पनि कार्य गर्दा त्रुटि हुन्छ । जो कोहीले पनि पारिवारिक तथा सामाजिक कारणले गर्दा गर्ने त्रुटिको प्रकृति पनि फरक-फरक हुन्छ । सन् १९७० को दशकपछि भाषा शिक्षणको क्षेत्रमा त्रुटिको अध्ययन अनुसन्धान सुरु भएको पाइन्छ । विभिन्न भाषाविद्हरुले त्रुटिविश्लेषणसम्बन्धी आ-आफ्नै धारणहरु व्यक्त गरेका छन् । "त्रुटिविश्लेषणले त्रुटिहरुलाई सिकाइको कमजोरी मान्ने परम्परागत धारणालाई अस्वीकार गर्ने हुनाले त्रुटिलाई भाषा सिकाइको सहज अवश्यसम्भावी तथा अभिन्न अङ्गका रुपमा मान्दछ । त्रुटिहरुबाट नै शिक्षार्थीहरुमा भाषाको विकास हुने हुनाले उनीहरुको भाषा सिकाई त्रुटिविहीन स्थितिबाट गुज्रन सक्छ भन्ने कुरा अप्रासंगिक मानिनु स्वाभाविक छ ( अधिकारी २०५६:१३१) ।" "भाषाशिक्षण र सिकाइमा त्रुटिविरश्लेषण एउटा प्रविधि हो । जसका माध्यमद्वारा विदेशी भाषा सिकिरहेका व्यक्तिले गर्ने त्रुटि वा भुलहरुको पहिचान, तथा व्यवस्थित व्याख्या गरिन्छ । सिकारुले भाषिक सामर्थ्य कुन तहसम्म प्राप्त गर्न सकेको छ त्यो कुरा उसले गरेको त्रुटिहरुबाट व्यवस्थित रुपले झल्किन्छ (ढुङ्गेल र दाहाल, २०५८: १८८) ।" "त्रुटिविश्लेषण भाषा सिकाइका क्रममा विद्यार्थीहरुले गर्ने त्रुटिहरुको वर्णन र वर्गीकरणसँग सम्बन्धित अध्ययन तथा विश्लेषण हो ( उपाध्याय , २०६७:१३) ।" त्रुटिविश्लेषण भाषा सिकाइ प्रकियाको अध्ययन गर्ने एउटा महत्वपूर्ण पद्धति हो । यो आधुनिक भाषाविज्ञानवाट प्रभावित धारणा हो । यो भाषा शिक्षणमा प्रस्तावित निराकरणात्मक तथा संज्ञानात्मक विधिहरुसंग नजिक रहेको देखिन्छ । संरचनावादी भाषाविद् ब्लुमफिल्ड, सपीयरले भाषालाई व्यतिरेकी विश्लेषण पद्धतिबाट अघि बढाए । यो शिक्षक केन्द्रित पद्वति थियो । यसैलाई नजर गरी रुपान्तरणवादी तथा मनोवादीहरुले त्रुटिविश्लेषणलाई विद्यार्थीकेनिद्रत बनाउँदै अगाडि बढाए । त्यसमा पनि त्रुटिलाई संरचनावादीहरु शिक्षार्थीको कमजोरी ठान्छन् । तर, आधुनिक भाषाविज्ञानले यसलाई स्वाभाविक ठान्छ (उपाध्याय, २०६७ :१३४)। त्रुटिलाई विभिन्न भाषाविद्हरुले विभिन्न किसिमले वर्गीकरण गरेको पाइन्छ । सवैभन्दा सान्दर्भिक र उपयुक्त ढङ्गले एस.पिट. कर्डरले त्रुटिलाई तीन चरणमा यसप्रकार विभाजन गरेका छन :

१ अव्यवस्थित त्रुटि

२ व्यवस्थित त्रुटि

३ उत्तरव्यवस्थित त्रुटि (ढुङ्गेल र दाहाल,२०५८:) ।

## २.२ वाक्यगठनको परिचय र परिभाषा

वाक्यगठन भनेको वाक्यमा प्रयुक्त शव्दहरुलाई अर्थ स्पष्ट हुने गरी राख्नु हो । वाक्यगठन भाषाको ढुकढुकी हो । किनभने भाषालाई सरल, सुसङ्गठित र नियमित रुपमा सञ्चालन गर्न वाक्यगठनको महत्वपूर्ण भूमिका हुन्छ । शुद्ध र अर्थपूर्ण वाक्य हुनको लागि कर्ता, कर्म र क्रियाको मेल हुनु आवश्यक छ । भाषाको अभिव्यक्ति प्रस्टयाउन र भाषाको अर्थ प्रदान गर्न वाक्यगठनका विभिन्न पक्षहरुले प्रमुख भूमिका खेल्छन् । कुनै पनि भाषिक शब्दहरुको अर्थ कोशीय तथा व्याकरणिक कोटिगत आधारमा विश्लेषण गरिए तापनि कोशीय अर्थले अभिधात्मक अर्थलाई नै बढी जोड दिएको हुन्छ । त्यसैले अभिधार्थ र लक्ष्यार्थ बोध गर्न व्याकरणिक कोटिगत अर्थलाई नै बढी उपयोगी मानिएको छ । यिनै कारणहरुले गर्दा विभिन्न विद्वान्, भाषाशास्त्री तथा व्याकरणविद्हरुले वाक्यगठनको महत्वपूर्ण स्थान रहेको कुरा उल्लेख गरेका छन् ।

विभिन्न विद्वान्हरुद्वारा वाक्यगठनसम्बन्धी दिइएका परिभाषामध्ये “शब्दहरुको जीवन्त तत्व नै व्याकरणिक कोटि हो । व्याकरणिक कोटिको आधारमा शव्दहरुले आफ्नो कार्य सम्पन्न गर्छन् । कुनैपनि शब्दले अर्थलाई सक्रिय स्पष्ट तुल्याउन व्याकरणिक कोटिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । व्याकरणिक कोटि त्यस्तो अभिव्यक्ति हो जसमा व्याकरणअनुसार शब्दवर्गको निर्माण हुन्छ (तिवारी,भोलानाथ २०२०:१३५) ।”

“नेपाली भाषाका कोटिहरुद्वारा व्याकरणिक अर्थको अभिव्यक्ति हुन्छ, भाषाका शब्दहरुमाझ रहेको अन्तरसम्बन्ध र शब्दका वाक्यात्मक कार्यको बोध भाषाका व्याकरणात्मक कोटिहरुबाट नै हुन्छ (शर्मा, मोहनराज २०३६:१४) ।”

“वाक्यमा लिङ्ग, वचन, कारक, काल, आदि छुट्टिएनन् भने शब्दहरु जिउन सक्दैनन् । यिनले शब्दलाई रुपसाधक प्रत्ययद्वारा निश्चित बाटोमा लैजान्छन् । जसबाट वाक्यमा राम्रो क्रम र मेल आउँछ (पराजुली कृष्णप्रसाद २०३९:९३) ।”

“व्याकरणात्मक धारा ती हुन्, जो वक्तव्यसँग सम्वन्धित उपयुक्त विशेष अर्थ थप्नका लागि भाषा विशेषमा विभिन्न किसिमले प्रयुक्त हुन्छन् (बन्ध, चुडामणि २०४३:६५)।”

“संसारका प्रत्येक भाषामा व्याकरणिक कोटि कुनै न कुनै रुपमा रहेको हुन्छ र यसको प्रमुख उद्देश्य अर्थ निर्णय गर्नु हो भन्ने कुरा उल्लेख भएअनुसार जुनसुकै भाषामा पनि

व्याकरणिक कोटि  प्रयोग हुन्छ र त्यसको उद्देश्य अर्थलाई स्पष्ट पार्नु रहेको देखिँदा यसले पनि वाक्यगठनमा प्रमुख भूमिका खेल्ने कुरा देखिन्छ (शर्मा, डा.दीप्ति, १९७५:४)।"

विभिन्न भाषाशास्त्रीहरुद्वारा दिइएका माथिका परिभाषालाई केलाउँदा व्याकरणिक कोटि भाषा तथा शब्दवर्गको जीवन्त पक्ष हो । शब्द-शब्द बीचको अन्तरसम्वन्ध,वक्ता र सम्प्रेषण कर्ताको अभिप्रायलाई छर्लङ्ग पारी निश्चित अर्थ दिन व्याकरणिक कोटिले सहयोग पुरयाउने हुँदा यसलाई वाक्यगठनमा भाषा व्याकरणको अभिन्न तथा महत्वपूर्ण अङ्गको रुपमा लिइन्छ ।

## २.३ पक्षहरु

"व्याकरणिक कोटिहरु ती हुन् , जसले विभिन्न वस्तु, विचार र भाव जनाउने पदवर्गका अतिरिक्त रुपायन भई वा विभिन्न प्रत्ययहरु थपिई व्याकरणात्मक कार्य सम्पन्न गर्छन् । यस प्रकारका व्याकरणात्मक कार्यअन्तर्गत प्रत्ययहरुद्वारा सङ्केत गरिएका लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, कारक आदि आउँछन् (बन्धु २०५३:८३) ।"

"भाषाको प्रकृतिअनुसार वाक्यगठनको स्वभाव तथा पक्षमा पनि अन्तर आउँछ । गहिरिएर हेर्ने हो भने वाक्यगठनअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, संयोजक, विस्मयादिबोधक, निपातआदि पदवर्गको साथै लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारकआदि सबै पर्दछन् । पदवर्गकै आधारमा लिङ्ग, वचन, कारकआदिको रुपायन हुने भएकाले यी सबै वर्गलाई एकै समूहमा राख्नुपर्छ (त्रिपाठीसहित अन्य २०३६:२८२)।" यसले वाक्यगठनमा पदवर्ग र व्याकरणात्मक कार्यको भूमिकालाई पनि अस्तित्वपूर्ण तरिकाले अध्ययन गर्नुपर्ने कुरालाई सङ्केत गर्दछ ।

यसरी विभिन्न व्याकरणिक कार्य गर्नको लागि प्रत्ययहरु थपिई रुपायन भई शब्दवर्ग(नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी संयोजक, विस्मयादिबोधक, निपात)लाई निश्चित अर्थ दिने भएकोले उक्त वचन, लिङ्ग, पुरुषआदि आठ पक्षलाई नै व्याकरणिक पक्षहरु भन्नु उपयुक्त हुन्छ ।

## २.४. लिङ्ग

नामसँग सम्वन्धित व्याकरणात्मक कोटिलाई नै लिङ्ग भनिन्छ । यो व्याकरणात्मक धारामध्ये महत्वपूर्ण धारा हो । यसले नामको खास प्रकृतिलाई जनाउँछ । धेरैजसो भाषामा प्राकृतिक लिङ्गसंग व्याकरणिक लिङगको ठ्याम्मै मेल नभएको उदाहरणहरु प्रशस्त पाइन्छन् । संस्कृतमा 'स्त्री'लाई जनाउने 'दारा''स्त्री' र 'कलत्रम' शब्दहरु क्रमशः पुलिङ्ग, स्त्रीलिङ्ग र

नपुंसक लिङ्गमा छन् भने जर्मनीमा 'कुमारी'लाई जनाउने 'फ्राउलाईन' शब्द नपुंसक लिङ्गमा छ । त्यसतै हिन्दीमा 'गाडी' चल्ती है'मा गाडीलाई स्त्रीलिङ्गीमा प्रयोग गरिन्छ । नेपाली भाषामा मानवेत्तर प्राणीको लिङ्गअनुरुप क्रिया परिवर्तन नभएको पाइन्छ । जस्तै : बाच्छी करायो । बाच्छो करायो । तर बाच्छी कराईको प्रयोग गरिंदैन । भैंसी करायो, पाडी करायो भनिन्छ तर भैंसी कराई, पाडी कराई भनिदैन । यसरी भाषामा प्राकृतिक लिङ्गसँग मेल नखाने व्याकरणिक लिङ्गको प्रयोग भएको पाइन्छ । त्यसैले स्वाभाविक लिङ्गभन्दा भाषामा व्यवस्था भएको व्याकरणिक लिङ्ग केही फरक किसिमको रहेको हुन्छ । लिङ्गको परिभाषा दिने क्रममा कृष्णप्रसाद पराजुलीले स्त्री, पुरुष र निर्जिव वस्तुको विषयमा ज्ञान गराउने शब्दको रुप लिङ्ग हो भनेका छन्(पराजुली,२०३९:९३) । नेपाली भाषाविद् चुडामणि बन्धुद्वारा लिङ्गलाई नामसँग सम्बद्ध व्याकरणिक कोटि भनिएको छ (बन्धु२०५३:८४) । ब्लुम फिल्डले संज्ञासित सम्बद्ध हुने स्वेच्छिक वर्ग नै लिङ्ग भनेको देखिन्छ (पूर्ववत्) । माथिका परिभाषाहरुलाई अवलोकन गर्दा लिङ्गले पुरुष, स्त्री वा निर्जिव जातिको बोध गराउँछ । व्याकरणिक लिङ्गसँग स्वाभाविक लिङ्गको कहिले मेल हुन्छ त कहिले मेल हुँदैन । शाब्दिक सङगतिको आधारमा भाषिक लिङ्गको व्यवस्था हुन्छ । लिङ्गको वर्गीकरण गर्ने सन्दर्भमा विभिन्न भाषाशास्त्रीहरुको विभिन्न मत रहेको पाइन्छ । पारसमणि प्रधान, सोमनाथ शर्मा, कृष्णप्रसाद पराजुलीआदिले नेपाली भाषामा पुरुष, स्त्री र निर्जिव गरी ३ किसिमको लिङ्ग रहेको मान्दछन् भने रोहिणीप्रसाद भट्टराईले आफ्नो कृति"वृहत् नेपाली व्याकरण"( काठमान्डौः ने.रा.प्र.प्र.२०३३ पृष्ठ ७०) मा पुरुष, स्त्री तथा नपुसंक लिङ्गका अतिरिक्त सामान्य लिङ्ग समेत देखाएका छन् । त्यस्तै चुडामणि बन्धुले लिङ्ग सजीव र निर्जिव हुने र सजीवअन्तर्गत मानवीय र मानवेत्तर हुने कुरा उल्लेख गरेका छन् ।

## २.५ वचन

सङ्ख्यासँग सम्बद्ध व्याकरणात्मक धारा वचन हो । प्रत्येक भाषामा वचन व्यवस्था पनि छुट्टाछुट्टै किसिमले भएको पाइन्छ । नामआदिमा प्रत्यय थपी वचनको जानकारी दिइएको हुन्छ । एक वा अनेक पदार्थ बुझाउने शब्दको स्वरुप वचन हो ( शर्मा,सोमनाथ, २०४०:५६) । वचन सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि भए तापनि यसले सङ्ख्याका अतिरिक्त अरु किसिमको काम पनि गर्छ । नेपालीमा आदरर्थी प्रयोगमा पनि बहुवचन आउँछ । नेपाली, अङ्ग्रेजी, हिन्दी भाषाहरुमा एकवचन र बहुवचन पाइन्छ भने संस्कृत, ग्रीक, अरबीआदि भाषामा एकवचन, द्विवचन र बहुवचन गरी तीनवटा वचन रहेको पाइन्छ । त्यस्तै

मलेशियन भाषामा चार प्रकारको वचन रहेको पाइन्छ । वचन भाषाको प्रकृतिअनुसार वेग्ला-वेग्लै किसिमको हुन सक्तछन् । विभिन्न भाषामा विभिन्न किसिमका वचन व्यवस्था भएको पाइन्छ । आ-आफ्नो भाषिक व्यवस्थाअनुसार कुनै भाषामा नामसँग, कुनै भाषामा क्रियासँग वचनको व्यवस्था हुन्छ भने नेपाली भाषमा नाम, सर्वनाम, विशेषण र क्रियासँग वचनको सम्वन्ध रहेको छ ।

## २.६ पुरुष

सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटि पुरुष हो (बन्धु:२०५३:८५) । सर्वनामसँग अभिन्न सम्वन्ध राख्ने पुरुषलाई पनि वाक्यगठनको एक पक्ष मानिन्छ । कसैले सर्वनामसँग पुरुषलाई नअलग्याए पनि हुने विचार व्यक्त गरेको पाइन्छ (ढकाल:२०५५:१८) । नेपाली वृहत् शब्दकोशमा पुरुषलाई सर्वनाम वा क्रियाको कर्ता भेदको रुप मानिएको छ (वृहत शब्दकोश: २०५८:७९०) । अक्सफोर्ड शब्दकोशमा पुरुषलाई व्यक्तिवाचक सर्वनामका तीन प्रकारहरुमा विभाजन गरिएको छ । माथि उल्लेख गरिएका परिभाषाहरुलाई अवलोकनक गर्दा सर्वनामको बोंध गराउने व्याकरणिक कोटि नै पुरुष हो भन्ने बुझिन्छ । पुरुषको सङ्ख्या सबै भाषामा समान रहेको पाईंदैन । नेपाली भाषामा प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरी ३ किसिमका पुरुषहरु रहेका छन् ।

## २.७ काल

कालको सामान्य अर्थ हो, समय । व्याकरणमा क्रियाको त्यस रुपान्तरणलाई काल भनिन्छ जसबाट कुनै कार्यमा समयअनुसार क्रियामा आउने परिवर्तनलाई विशेष जोड दिइन्छ ( तिवारी २०२०:१५०) । संसारका प्रायः जीवित भाषामा कालको अस्तित्व व्याकरणात्मक कोटि हो (बन्धु:२०५३:८६) । क्रियापदको समय सङ्केत गर्ने व्याकरणात्मक कोटि काल हो । सामान्यतः जसरी वाह्य जगत्मा समयलाई भूत, वर्तमान र भविष्यत् गरी तीन क्षेत्रमा विभाजन गरिन्छ, त्यसरी नै व्याकरणात्मक काललाई पनि तीन भागमा विभाजन गर्न सकिन्छ ( अधिकारी,२०५५:११५) । विभिन्न भाषाविद्हरुद्वारा दिइएका माथिका परिभाषागत आशयबाट के बुझिन्छ भने कालले कुनै काम वा घटनाको घटित समयको बोध गराउँछ । काल क्रियामा आधारित वाक्य गठनको पक्ष हो  किनभने कालको प्रत्यक्ष सम्वन्ध क्रियासँग मात्र हुन्छ । नेपाली भाषामा काल जम्मा ३ किसिमका छन् । ती हुन् : वर्तमान काल ,भूतकाल र भविष्यत् काल । काल भूत र अभुत गरी दुई किसिमका हुन्छन् । अभूतअन्तर्गत वर्तमान र भविष्यत पर्दछन्'(अधिकारी :२०६७:२१२) ।

## २.८ पक्ष

वाक्यगठनको त्यस्तो किसिमको कोटि पक्ष हो । जसले कालको अवस्था वा परिस्थितिमा घटित क्रियाको बोध गराउँछ । सबै भाषामा पक्षको छुट्टै अस्तित्व पाईंदैन । कुनै भाषामा कालभित्र पक्षलाई समेटिएको पाइन्छ । विभिन्न विद्वान्हरुले पक्षको बारेमा दिएका परिभाषाहरु निम्नानुसार छन् :

"क्रियाका कालको पक्ष भन्नाले त्यस कालको परिधिभित्र हुने, घट्ने वा गरिने क्रिया व्यापारको विशेष किसिम हो, जसलाई परम्परागत नेपाली व्याकरणमा विशेष काल पनि भनिन्छ (त्रिपाठीसहित अन्य, २०३६:३८३)।

पक्ष क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो , यसले काम, कुन काल अवधिमा भयो भन्ने कुरा बताउँछ । समयमा काम भएको वा नभएको, अघिदेखि भएको वा भर्खरै सकिएको बारे पनि यसले सङ्केत गर्दछ । यो पूर्ण, अपूर्ण, सामान्य, अज्ञान र अभ्यस्त विभिन्न प्रकारका हुन्छन् ( बन्धु,२०५३:८६) । अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी पृष्ठ ४५मा 'पक्ष त्यो हो जसमा कार्य घटित क्रियाको रुपद्वारा कालको विशेष अवस्थाको बोध हुन्छ भनेर लेखिएको छ । "पक्षले खास कालको परिवेशभित्र कार्यको प्रकृति तथा वितरणलाई जनाउँछ । त्यसैले यसबाट क्रियाको विभिन्न अवस्था वा चरणहरु व्यक्त हुन्छन" भन्ने भाषाशास्त्री हेमाङ्गराज अधिकारीको धारणा छ । माथिका परिभाषाहरुलाई अवलोकन गर्दा पक्ष क्रियासँग सम्वन्ध जोड्ने व्याकरणिक कोटि हो । काम कुन काल अवधिमा भयो भन्ने कुरा पक्षद्वारा नै तोकिएको हुन्छ । विभिन्न विद्वान्हरुले पक्षका बारेमा समान धारणा राखेको पाईंदैन । मोहनराज शर्माले वर्तमान, कालका चार, भूतकालका छ र भविष्यत् कालका चार पक्ष भएको बताउँछन् । डा. हेमाङ्गराज अधिकारीले नेपालीमा मुख्यत : अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात गरी चार पक्षहरु रहेको व्यक्त गर्छन् । यसरी ठोस विश्लेषणको अभावमा एकै किसिमको वर्गीकरण हुन सकेको छैन । सामान्यतः पक्षको वर्गीकरण यसप्रकार गर्नु उपयुक्त देखिन्छ :

१. वर्तमान काल - सामान्य, अपूर्ण र पूर्ण

२ भूतकाल  - सामान्य, अपूर्ण, पूर्ण, अज्ञान र अभ्यस्त

३ भविष्यत्काल- सामान्य, अपूर्ण, पूर्ण र सम्भावना

## २.९ भाव

वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने क्रियापदको कोटिलाई भाव भनिन्छ । क्रियाको माध्यमबाट भावको अभिव्यक्त हुन्छ । भावका सन्दर्भमा डा. भोलानाथ तिवारीले वक्ताको मानसिक भावनालाई जोड दिँदै "भाव क्रियाको त्यो रुप हो, जसबाट वक्ताको मानसिक भावको बोध हुन्छ, त्यसैलाई अर्थ भनिन्छ (२०२०:३५) ।" अर्थ वा भाव क्रियासंग सम्वद्ध व्याकरणिक कोटि हो र यसको सम्वन्ध पूरै वाक्यसँग रहन्छ भन्दै भावको सम्वन्ध क्रियासंग मात्र नभएर पूरै वाक्यात्मक हुने कुरामा जोड दिन्छन् (बन्धु, २०५३:८७) ।" " क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृति जनाउने कोटिलाई भाव वा वृति भनिन्छ ( अधिकारी, २०५५:१२२) । वक्ताले आफ्ना मानसिक भावनाहरु इच्छा, आज्ञा, सङ्केत, सम्भावनाआदि भावमध्ये कुनै एकलाई जोड दिई प्रकट गर्ने रीति वा शैली नै भाव हो, जसमा कुनै खास प्रकारको भाव वा अर्थ प्रकट गरिएको हुन्छ । भावका प्रकारको सम्वन्धमा नेपाली भाषाविद्हरुबीच एक मत रहेको पाईंदैन । डा. चुडामणि बन्धुले निश्चयार्थ, आज्ञार्थ, सङ्केतार्थ र प्रश्नार्थ गरी भावका चार प्रकारहरु रहेको बताएका छन् (बन्धु, २०५३:८६) । सोमनाथ शर्मा र गोपाल पाण्डेले सामान्यार्थ, विध्यर्थ र अनिश्चयार्थ गरी भावका तीन प्रकार रहेको उल्लेख गरेका छन् । त्यस्तै मोहनराज शर्माले निश्चयार्थ, आज्ञार्थ, सम्भावनार्थ सङ्केतार्थ र सन्देहार्थ गरी भावका पाँच प्रकार रहेको बताएका छन् ।

## २.१० वाच्य

वाच्य वाक्यगठनको विभिन्न व्याकरणात्मक कोटिहरु मध्ये एक महत्वपूर्ण कोटि हो । क्रियाको माध्यमबाट अभिव्यक्त हुने वाच्यको सम्बन्ध पूरै वाक्यसँग रहेको हुन्छ । "वाक्यमा कर्ता, कर्म र भावको काम बुझाउने वा कुनै एउटासँग सम्वन्ध राख्ने क्रियापद नै वाच्य हो (नेपाली वृहत् शब्दकोश २०५८:११३६)।" "कर्ता, कर्म र भावमा जुन कुरा प्रधान हुन्छ, त्यही नै वाच्य हो" (अनिवार्य नेपाली शिक्षण निर्देशिका)। नेपाली व्याकरणमा तीन किसिमका वाच्य क्रमशः कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य रहेको पाइन्छ । वाक्यमा कर्ता प्रमुख हुने वा कर्ताको लिङ्ग, वचन र पुरुष अनुसार क्रियापदको प्रयोग हुने वाच्य कर्तृवाच्य हो । कर्तृवाच्य सकर्मक र अकर्मक दुवै क्रियाबाट बन्दछ । वाक्यमा कर्म प्रमुख हुने वाच्य कर्मवाच्य हो । यो सकर्मक क्रियाबाट मात्र बन्दछ । वाक्यमा भाव प्रमुख हुने वाच्य भाववाच्य हो । यो अकर्मक क्रियामबाट मात्र बन्दछ ।

## २.११ कारक

वाक्यगठनको एक महत्वपूर्ण पक्षको रुपमा कारकलाई लिइन्छ । क्रियापद र नामिक पदका बीचमा हुने अर्थगत वा कार्यगत सम्वन्धलाई कारक भनिन्छ । क्रियासँग प्रत्यक्ष सम्वन्ध राख्ने नामिक पदलाई कारक भनिन्छ । "व्याकरणमा क्रियाको साथ साक्षात् सम्वन्ध राख्ने शब्द, वाक्यविन्यासगत सम्बन्ध देखाउने नाम, सर्वनाम वा विशेषणमा देखापरेका रुप भिन्नता नै कारक हो" (नेपाली बृहत शब्दकोशः २१६) । "वाक्यको वाह्य संरचनामा विभिन्न पद वा पदावलीहरुले कर्ता, कर्म, पूरक, क्रियायोगी र क्रियापद भई आफूअनुसार कार्य सम्पन्न गर्ने हुन्छन् । तर उक्त कर्ता, कर्मआदि वाक्यको स्थानमा आएका पदहरुलाई गहिरिएर हेरेमा तिनमा खास किसिमका आर्थी सम्वन्ध वा अर्थगत भूमिकाहरु अन्तरनिहित भएका देखिन्छन् । यस्ता भूमिकालाई कारक भनिन्छ (अधिकारी, २०५५:१८५) ।" माथि दिइएको परिभाषाहरुलाई केलाउँदा कारकको क्रियासँग प्रत्यक्ष सम्वन्ध रहेको कुरा स्पष्ट हुन्छ । कारकले एकातिर पदसङ्गति मिलाउने काम गर्छ भने अर्कातिर वाक्यात्मक अर्थलाई स्पष्ट पार्दछ । कारकको वर्गीकरण गर्ने सन्दर्भमा परम्परागत व्याकरणमा ६ प्रकारका कारक( कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण) रहेको पाइन्छ । षष्ठी विभक्ति लागेका कारकको सम्वन्ध सिधै क्रियासँग नहुने र कर्ता कारकको जस्तै रुप हुने भएकोले परम्परावादीहरु यसलाई कारकभित्र समावेश गर्दैनन् । नेपाली भाषामा सामान्यतः ६ प्रकारका कारकहरु (कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण) र आठ विभक्ति भएको पाइन्छ ।

## २.१२ निष्कर्ष

यसप्रकार विभिन्न भाषाविद्हरुले वाक्यगठनका व्याकरणात्मक कोटि र यसका पक्षहरुको बारेमा दिएका माथिका सैद्धान्तिक परिभाषाहरुलाई अध्ययन गर्दा नेपाली भाषामा पनि लिङ्ग , वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य र कारकहरु र तिनका वर्ग तथा उपवर्गहरुको चर्चा गरिएको निष्कर्ष निकाल्न सकिन्छ

# अध्याय तीन

# सामग्री  व्यवस्थीकरण तथा व्याख्या एवम् विश्लेषण

## ३.१ परिचय

नेपालको राष्ट्रभाषा नेपाली हो । नेपालमा धेरै मातृभाषा बोलिन्छ । नेपाल एक बहुभाषिक मुलुक हो । नेपालको संविधान २०६३मा  नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन् भनेर उल्लेख गरिए तापनि माध्यम भाषाको रुपमा नेपाली भाषालाई स्वीकृति दिएको पाइन्छ । नेपालीइतर भाषाभाषीले एक आपसमा सम्पर्क गर्दा कार्यालयीय प्रयोग, शिक्षाको माध्यम, प्रशासनिक कार्य आदिको माध्यम भाषा नेपाली नै प्रयोग गर्छन् । नेपाली इतर भाषाभाषीले नेपाली भाषाको प्रयोग गर्दा मातृभाषाको विविध पक्षको प्रभाव पर्दछ । भाषा विचार विनिमयको साधन र संचारको एक महत्वपूर्ण पक्ष पनि हो । भाषाको कमी भएमा कुनैपनि व्यक्तिले आफ्ना विचारहरु अरुसमक्ष प्रकट गर्न, अरुलाई कुनैपनि कुरा बुझाउन, आफ्नो ज्ञान,  सीप र क्षमता प्रदर्शन गर्न सक्दैन । तसर्थ भाषामा भएका त्रुटिहरु पहिचान गर्न अत्यन्त आवश्यक र महत्वपूर्ण देखिन्छ । त्यसैले यहाँ सिन्धुली जिल्लाका कक्षा १०मा अध्ययनरत दनुवारभाषी विधार्थीहरुले नेपाली वाक्यगठनका तत्वहरु -लिङ्ग, वचन,पुरुष, काल, पक्ष, भाव वाच्य र कारक) मा गर्ने त्रुटिहरुको अध्ययन गर्ने प्रयत्न गरिएको वाक्यगठनसम्वन्धी त्रुटिविश्लेषणात्मक अध्ययन गर्ने सिलसिलामा शोध निर्देशकज्यू तथा अन्य गुरुवर्गहरुबाट उचित ठह्रयाइएका वस्तुगत, विषयगत र स्वतन्त्र लेखन गरी तीन थरी लिखित अभिव्यक्ति दिने २० वटा प्रश्नावली तयार पारी व्याख्या तथा विश्लेषण्न गरिएको छ । प्रश्नहरु वाक्यगठनका तत्वहरुसँग सम्बन्धित हुने खालका निर्माण गरिएको छ । विधार्थीहरुलाई प्रश्नको उत्तर लेख्नको लागि एक घण्टा समय दिइएको थियो । उत्तरपुस्तिका परीक्षणपश्चात् विधार्थीहरुले वाक्यगठनका आठवटा तत्वमा गरेको त्रुटिहरुको व्याख्या तथ्याङ्कीय विश्लेषण एवं प्रतिशत निकाली तालिकीकरण गरिएको छ । निर्माण गरिएको छ । प्रश्नावलीबाट प्राप्त सामग्रीहरुलाई परीक्षण गरी हेर्दा विधार्थीहरुले विभिन्न पक्षमा विभिन्न किसिमका त्रुटि गरेको पाइएको छ ।

## ३.२ लिङ्गगत त्रुटि

कक्षा १० मा अध्ययनरत दनुवारभाषी विधार्थीहरुले नेपाली भाषामा गरेका लिङ्गगत त्रुटिहरु यसप्रकार पाइएका छन् ।

१ आमा भात पकाउँछिन् ।

२ दाजु भाइलाई पिट्छ ।

३ दिदी पुस्तक पढछे ।

स्त्रीलिङ्गी क्रियापद 'पकाउनुहुन्छ' हुनुपर्नेमा 'पकाउँछिन्' पाइएको छ । उदाहरण नं २ मा पुलिङ्गी कर्ता 'दाजुका साथमा आदरार्थी पुलिङ्ग कर्ता 'पिट्नुहुन्छ' हुनुपर्नेमा **पिट्छ** पाइएको छ र उदाहरण नं ३ मा स्त्रीलिङ्गी कर्ता 'दिदी'का साथमा आदरार्थी स्त्रीलिङ्गी क्रियापद 'पढनुहुन्छ' हुनु पर्नेमा 'पढछे' पाइएको छ । समग्रमा भन्दा 'बुबा उपन्यास पढ्नुहुन्छ' भन्ने वाक्य छान्नुपर्नेमा त्यसो नभएर यी ३ वटा त्रुटिपूर्ण वाक्य छनोट गरेको पाइएको छ । माथि उल्लेख गरिएको त्रुटिलाई हेर्दा स्थानिय भाषिकाको प्रभाव परेको पाइन्छ ।

## ३.३ वचनगत त्रुटि

कक्षा १० मा अध्ययनरत दनुवारभाषी विधार्थीहरुले नेपाली भाषामा गर्ने वचनसम्बन्धी त्रुटिहरु निम्नानुसार पाइएका छन् :

१. उनीहरु सिनेमा हेर्छ ।

२. केटो विधालय जान्छन् ।

३. तिमी घर जान्छ ।

उदाहरण १ मा **उनीहरु** बहुवचन कर्ताका साथ क्रियापद पनि बहुवचन **हुन्छन्** हुनु पर्नेमा एकवचन **हुन्छ** प्रयोग भएको पाइन्छ । त्यसैगरी उदाहरण २ मा एकवचनका स्थानमा बहुवचन र उदाहरण ३ मा बहुवचनका स्थानमा एकवचन प्रयोग भएको पाइन्छ । यसरी कर्ता र क्रियापदबीच सङ्गति नमिली वचनगत त्रुटि हुन गएको देखिन्छ । मथिको उदाहरण नं १,२, र ३ मा वचनानुसार कर्ता र क्रियापदबीच सङ्गति मिलेको पाइँदैन । माथिको उदाहरणमा कर्ता जुन वचनमा छ क्रियापद पनि त्यही वचनमा हुनुपर्नेमा त्यो पाइँदैन ।

## ३.४ पुरुषगत त्रुटि

कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले नेपाली भाषामा गर्ने पुरुषगत त्रुटिहरु यसप्रकार पाइएका छन् :

१. हामी बजार जान्छु ।

२. ऊ सिनेमा हेर्छन् । ३. तिमी घर जान्छ ।

मथिको उदाहरण नं.१ म प्रथम पुरुष **हामी** कर्ताका साथ **जान्छौं** क्रियापद हुनुपर्नेमा **जान्छु** क्रियापद प्रयोग भएको छ । उदाहरण २ मा तृतीय पुरुष **ऊ** कर्ताका साथमा **हेर्छ** क्रियापद

प्रयोग हुनुपर्नेमा **हेर्छन्** क्रियापद प्रयोग भएको छ । उदाहरण ३ मा द्वितीय पुरुष **तिमी** कर्ताका साथ **जान्छौ** क्रियापद प्रयोग हुनुपर्नेमा **जान्छ** क्रियापद भएको छ । यसप्रकार दनुवारभाषी विद्यार्थीबाट पुरुषगत त्रुटि भएको पाइन्छ ।

## ३.५ कालगत त्रुटि

कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले कालको प्रयोगमा गरेका त्रुटिहरु यसप्रकार रहेका छन्:

१. रामले पुस्तक पढ्दै थियो । (सामान्य भूत)

२. सीता आँगनमा नाच्दै छिन् । (सामान्य वर्तमान)

३. हरि विद्यालय जानेछ । (सामान्य वर्तमान)

मथिको उदाहरण नं.१ मा **पढ्** धातुबाट सामान्य भूतको क्रियापद **पढ्यो** प्रयोग हुनुपर्नेमा अपूर्ण भूतको क्रियापद **पढ्दै थियो** प्रयोग भएको पाइन्छ । उदाहरण नं. २ मा **नाच्** धातुबाट सामान्य वर्तमान कालको क्रियापद **नाच्छिन्** प्रयोग गर्नुपर्नेमा अपूर्ण वर्तमान कालको क्रियापद **नाच्दै छिन्** प्रयोग गरिएको देखिन्छ । त्यस्तै उदाहरण नं. ३ मा **जा** धातुबाट सामान्य वर्तमान कालको क्रियापद **जान्छु** प्रयोग हुनुपर्नेमा सामान्य भविष्यत्को क्रियापद **जानेछ** प्रयोग भएको छ । यसप्रकार कालको प्रयोगमा प्रशस्त त्रुटि गर्ने गरेको पाइन्छ ।

## ३.६ पक्षगत त्रुटि

कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले पक्षमा गरेका त्रुटिहरु यसप्रकार रहेका छन् :

१. अविनाश पुस्तक पढ्छ ।(अज्ञात पक्ष )

२. गोपाल चुरोट खानेछ । (अभ्यस्त पक्ष )

३. विनोद मुसुक्क हाँस्छ । (सामान्य पक्ष, भविष्यत् कालको )

मथिको उदाहरण नं. १ मा अज्ञात पक्ष पढेछ , २ नं. मा खान्थ्यो र ३ नं.मा हाँस्नेछ प्रयोग गर्नुपर्नेमा पढ्छ, खानेछ र हाँस्छ जस्ता त्रुतिपूर्ण प्रयोग भएको पाइन्छ ।

## ३.७ भावगत त्रुटि

कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले गरेका भावगत त्रुटिहरु यसप्रकार रहेका छन् :

१. भगवानले सबैको कल्याण गर्लान् । (इच्छार्थ )

२. बहिनी बजार जाली । (सामान्यार्थ )

३. तिमीहरु भकुण्डो खेल्छौ । (सम्भावनार्थ )

माथिको उदाहरण नं. १ मा इच्छार्थ क्रियापद **गरुन्,** २ मा **जाऊ,** ३ **मा खेल** क्रियापद प्रयोग गर्नुपर्नेमा **गर्लान्, जाली, खेल्छौ**आदि त्रुटिपूर्ण क्रियापद भएको पाइएको छ ।

## ३.८ वाच्यगत त्रुटि

कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले वाक्यगठनका तत्वहरुमध्ये वाच्यमा धेरै त्रुटि गर्ने गरेको पाइयो । कर्तृवाच्यका वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्दा कर्मप्रधान हुनुपर्नेमा त्यसो भएको पाइँदैन । जस्तै : **राम भात खान्छ र स्यालले कुखुरा समात्यो** जस्ता कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्दा क्रमशः **रामद्वारा भात खाइन्छ** र **स्यालद्वारा कुखुरा समातियो** हुनुपर्नेमा त्यसो नभएर **रामद्वारा भात खान्छ** र **स्यालद्वारा कुखुरा समात्यो** जस्ता त्रुटिपूर्ण वाच्य निमार्ण गरी वाच्यगत त्रुटि गरेको पाइन्छ । यस्तै त्रुटि भाववाच्यमा पनि पाइन्छ । भाववाच्यमा भावप्रधान हुनुपर्नेमा कर्मप्रधान वाच्य जस्तै : **रामद्वारा गृहकार्य गरिन्छ** र **हरिद्वारा आँप खाइन्छ** वाक्य प्रयोग गरी त्रुटि गर्ने गरेको पाइयो ।

## ३.९ कारकगत त्रुटि

कक्षा दशका दनुवारीभाषी विद्यार्थीहरुले कारकको प्रयोगमा पनि प्रशस्तै त्रुटि गर्ने गरेको पाइन्छ । अधिकरण कारकका स्थानमा कर्ता कारक, करण कारकका स्थानमा अपादान कारकको त्रुटिपूर्ण प्रयोग पाइएको छ ।जस्तै :

१. छानामाथि परेवा छ । (कर्ता कारकका रुपमा प्रयोग गर्ने गरेको )

२.विमलले आँप खायो । (करण कारकका रुपमा )

३. सीता कँचियाले घाँस काट्छिन् । (कर्ता कारकका रुपमा)

४. किसान हलोले खेत जोत्छ । (ऐजन्)

५. राम कलमले कपीमा लेख्छ । (अपादान कारकका रुपमा)

६. रुखबाट पात झर्‍यो । (ऐजन्)

७.बहिनीले गृहकार्य गरी । (ऐजन्) ।

### ३.१० उपसंहार

कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले वाक्यगठनका आठवटा तत्वहरुमा गरेका त्रुटिहरु केलाउँदा धेरैजसो त्रुटिमा मातृभाषाको प्रभाव पाइन्छ । भाषामा पर्ने सामाजिक तथा पारिवारिक प्रभाव पनि त्रुटिका कारण बन्न पुगेका छन् । नेपाली भाषाको प्रयोगमा भएका त्रुटिहरुलाई त्रुटि निराकरणात्मक शिक्षणका विविध उपायहरु अवलम्बन गरेर निराकरण गर्दै लानु आवश्यक देखिन्छ ।

# अध्याय चार

## विद्यालयगत आधारमा कक्षा दशका दनुवारभाषी विधार्थीहरुका पूर्ववत् त्रुटिविश्लेषण

## ४.१ परिचय

प्रस्तुत शोधपत्रमा कक्षा १० का दनुवारभाषी विद्यार्थीहरुको वाक्यगठनअन्तर्गत सबैभन्दा वढी त्रुटि क्षेत्र पत्ता लगाई वाक्यगठनका आठ पक्ष (लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य र कारक) मा देखिएका त्रुटिहरुलाई छुट्याएर तथ्याङ्कीय प्रतिशतमा विश्लेषण गरिएको छ । त्रुटिहरु पत्ता लगाउनका लागि निर्माण गरिएका प्रश्नावलीलाई प्रयोग गरिएका विधालयहरुमा जनजागरण उ.मा.वि. हर्षाही, सरस्वती उ.मा.वि. डकाहा, कमला उ.मा.वि. भलुवाई, मा.वि.पत्रिङ्गा र उ.मा.वि.लदाभीर रहेका छन् । पाँचवटा विद्यालयका २०-२० जना गरी जम्मा १०० जना विद्यार्थीहरुलाई प्रश्नावलीहरुको लिखित अभिव्यक्ति दिन लगाइएको छ । तीनप्रकारका वस्तुगत, विषयगत र स्वतन्त्रलेखन प्रश्नहरुको परीक्षणपश्चात् वाक्यगठनका पक्षहरुलाई संलग्न ५ वटा विद्यालयका विद्यार्थीहरुले कुन-कुन पक्षमा त्रुटिहरु गर्छन् सोहीअनुसार तथ्याङ्कीय विश्लेषण गर्दा विद्यालयगत रुपमा छुट्टाछुट्टै वाक्यगठनका पक्षहरुको तथ्याङ्कीय विश्लेषण गरिएको छ ।

### ४.१.१. श्री जनजागरण उ.मा.वि. हर्षाही

श्री जनजागरण उ.मा.वि. हर्षाहीमा कक्षा १० का दनुवारभाषी विद्यार्थीहरुले वाक्यगठनमा के-कस्ता त्रुटिहरु गर्छन् सो पत्ता लगाउन यसै विद्यालयका २० जना छात्रछात्राहरुसँग वाक्यगठनका विविध पक्षहरुमा त्रुटिविश्लेषण गर्दा निम्न तालिकाअनुसार परिणाम प्राप्त भएको छ ।

**तालिका नं-१**

| वाक्यगठनका तत्वहरु | प्रश्नहरु | विद्यार्थी संख्या | | | जम्मा | प्रतिशत | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ठीक | बेठीक | अनुत्तरित | | ठीक | बेठीक | अनुत्तरित | |
| लिङ्ग | १ | १८ | २ | - | २० | ९० | १० | - | १०० |
| | २ | १५ | ५ | - | २० | ७५ | २५ | - | १०० |
| | ३ | १७ | ३ | - | २० | ८५ | १५ | - | १०० |
| वचन | १ | १५ | ४ | १ | २० | ७५ | २० | ५ | १०० |
| | २ | १७ | ३ | - | २० | ८५ | १५ | - | १०० |
| | ३ | १४ | ६ | - | २० | ७० | ३० | - | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १ | १३ | ७ | - | २० | ६५ | ३५ | - | १०० |
| | २ | १८ | १ | १ | २० | ९० | ५ | ५ | १०० |
| | ३ | १२ | ८ | - | २० | ६० | ४० | - | १०० |
| पक्ष | १ | १२ | ८ | - | २० | ६० | ४० | - | १०० |
| | २ | १८ | २ | - | २० | ९० | १० | - | १०० |
| | ३ | १२ | २ | ६ | २० | ६० | १० | ३० | १०० |
| भाव | १ | १८ | १ | १ | २० | ९० | ५ | ५ | १०० |
| | २ | १५ | १ | ४ | २० | ७५ | ५ | २० | १०० |
| | ३ | ११ | ९ | - | २० | ५५ | ४५ | - | १०० |
| वाच्य | १ | १३ | ४ | ३ | २० | ६० | ४० | - | १०० |
| | २ | १२ | ८ | - | २० | ५० | १० | ४० | १०० |
| | ३ | ११ | ४ | ५ | २० | ६५ | २० | १५ | १०० |
| कारक | १ | ८ | १२ | - | २० | ४० | ६० | - | १०० |
| | २ | ७ | १३ | ३ | २० | ३५ | ६५ | - | १०० |
| | ३ | ७ | ७ | ६ | २० | ३५ | ३५ | ३० | १०० |
| **समग्र तथ्याङ्कीय प्रतिशत** | | | | | | **६८.१२** | **२५.२१** | **६.६७** | **१००** |


स्थलगत अध्ययन - २०७०

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा यस विद्यालयका विद्यार्थीहरुले वाक्यका विविध तत्वअन्तर्गत लिङ्गको वस्तुगत, विषयगत र स्वतन्त्र लेखनका प्रश्नहरुमा क्रमशः १० प्रतिशत, २५ प्रतिशत र १५ प्रतिशत त्रुटि गरेको पाइयो । वचनमा वस्तुगत, विषयगत र स्वतन्त्र लेखनमा क्रमशः २०, १५ र ३० प्रतिशत त्रुटि गरेको पाइयो । कुनैपनि उत्तर नदिने ५ प्रतिशत देखियो । पुरुषमा वस्तुगत, विषयगत र स्वतन्त्र लेखनका प्रश्नहरुमा क्रमशः ३५, ५ र ४० प्रतिशतले त्रुटि गरेको पाइयो भने ५ प्रतिशतले विषयगत प्रश्नको कुनै पनि उत्तर दिएको पाइएन । काल, पक्ष र भावका वस्तुगत प्रश्नहरुमा क्रमशः ३५,४० र ५ प्रतिशतले त्रुटि गरेको पाइयो । काल, पक्ष र भावका विषयगत प्रश्नहरुमा क्रमशः २०, १० र ५ प्रतिशत तथा स्वतन्त्र लेखनका काल र पक्षका प्रश्नहरुमा क्रमशः २५ र ३० प्रतिशत एवम् भावको वस्तुगत र विषयगत प्रश्नहरुमा ५ र २० प्रतिशतले कुनैपनि उत्तर दिएको पाइएन । त्यस्तै वाच्य र कारकका वस्तुगत, विषयगत र स्वतन्त्र लेखनका प्रश्नहरुमा क्रमशः २०,४० र २० तथा ६०, ६५ र ३५ प्रतिशतले त्रुटि गरेको पाइयो । वाच्यका वस्तुगत र स्वतन्त्र

लेखनमा क्रमशः १५ र २५ प्रतिशतले कुनैपनि उत्तर दिएको पाइएन भने कारकको स्वतन्त्र लेखनका प्रश्नहरुमा ३० प्रतिशतले पनि कुनै प्रतिक्रिया दिएको देखिएन ।

वाक्यगठनका विविध पक्षका त्रुटिलाई हेर्दा सबैभन्दा बढी त्रुटि कारकको विषयगत लेखनमा ६५ प्रतिशत, सबैभन्दा बढी सही उत्तर दिने लिङ्गको वस्तुगत प्रश्न, पुरुषको विषयगत प्रश्न, पक्षको विषयगत र भावको वस्तुगत प्रश्नमा क्रमशः ९०,९०,९० र ९० प्रतिशत पाइयो ।

समग्रमा भन्नुपर्दा यस विद्यालयका विद्यार्थीहरुले वाक्यगठनका आठवटा तत्वहरुमा गरेका त्रुटि विश्लेषणको तथ्याङ्कीय प्रतिशतलाई निष्कर्षका रुपमा हर्दा सही प्रतिक्रिया ६८.१२, बेठीक उत्तर दिने २५.२१ र कुनैपनि प्रतिक्रिया नदिने ६.६७ प्रतिशत रहेका छन् । समग्रमा सही उत्तर दिनेकै प्रतिशत बढी देखिन्छ । यस तथ्याङ्कलाई स्तम्भ चित्रमा देखाउन सकिन्छ ।




### ४.१.२ श्री सरस्वती उ.मा.वि. डकाहा

श्री सरस्वती उ.मा.वि. डकाहामा कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुले वाक्यगठनमा के-कस्ता त्रुटिहरु गर्छन् सो पत्ता लगाउन यसै विद्यालयका २० जना छात्रछात्राहरुसँग वाक्यगठनका विविध पक्षहरुमा गरेको त्रुटि विश्लेषण गर्दा निम्न तालिका अनुसार परिणाम प्राप्त भएको छ ।

**तालिका नं. २**

| वाक्यगठनका तत्वहरु | प्रश्नहरु | विद्यार्थी सङ्ख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ठीक | बेठीक | अनुत्तरित | जम्मा | ठीक | बेठीक | अनुत्तरित | जम्मा |
| लिङ्ग | १ | १५ | ५ | - | २० | ७५ | २५ | - | १०० |
| | २ | १७ | ३ | — | २० | ८५ | - | - | १०० |
| | ३ | १६ | ३ | - | २० | ८० | - | - | १०० |


| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वचन** | १ | २० | - | - | २० | १०० | - | - | १०० |
| | २ | १५ | ५ | - | २० | ७५ | २५ | - | १०० |
| | ३ | १६ | ४ | - | २० | ८० | २० | - | १०० |
| | १ | १२ | ६ | २ | २० | ६० | ३० | १० | १०० |
| **पुरुष** | २ | १७ | ३ | - | २० | ८५ | १५ | - | १०० |
| | ३ | १३ | ७ | - | २० | ६५ | ३५ | - | १०० |
| | १ | १५ | ५ | - | २० | ७५ | २५ | - | १०० |
| **काल** | २ | १३ | ७ | - | २० | ६५ | ३५ | - | १०० |
| | ३ | १६ | - | ४ | २० | ८० | - | २० | १०० |
| | १ | १२ | ८ | - | २० | ६० | ४० | - | १०० |
| **पक्ष** | २ | १७ | ३ | - | २० | ८५ | १५ | - | १०० |
| | ३ | १० | ४ | ६ | २० | ५० | २० | ३० | १०० |
| | १ | १७ | १ | २ | २० | ८५ | ५ | १० | १०० |
| **भाव** | २ | १४ | ६ | - | २० | ७० | ३० | - | १०० |
| | ३ | १५ | २ | ३ | २० | ७५ | १० | १५ | १०० |
| | १ | १२ | ८ | - | २० | ६० | ४० | - | १०० |
| **वाच्य** | २ | १० | २ | ८ | २० | ५० | १० | ४० | १०० |
| | ३ | १३ | ४ | ३ | २० | ६५ | २० | १५ | १०० |
| | १ | ९ | ११ | - | २० | ४५ | ५५ | - | १०० |
| **कारक** | २ | ७ | १० | ३ | २० | ३५ | ५० | १५ | १०० |
| | ३ | ८ | ८ | ४ | २० | ४० | ४० | २० | १०० |
| **समग्र तथ्याङ्कीय प्रतिशत** | | | | | | **६८.५४** | **२३.९६** | **७.५६** | **१००** |

स्थलगत अध्ययन-२०७०

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा यस विद्यालयका विद्यार्थीहरुले वाक्यगठनका विविध तत्वअन्तर्गत लिङ्गको वस्तुगत, विषयगत र स्वतन्त्रलेखन प्रश्नहरुमा क्रमशः २५,१५ र १५ प्रतिशतले त्रुटि गरेको पाइयो भने स्वतन्त्र लेखनको प्रश्नमा ५ प्रतिशतले कुनैपनि प्रतिक्रिया दिएको पाइएन । वचनमा वस्तुगत प्रश्नमा शून्य प्रतिशत, विषयगत प्रश्नमा २५ प्रतिशत र स्वतन्त्र लेखनमा २० प्रतिशतले त्रुटि गरेको पाइयो । पुरुषमा वस्तुगत प्रश्नमा ३० प्रतिशत, विषयगत प्रश्नमा १५ प्रतिशत र स्वतन्त्र लेखनमा ३५ प्रतिशतले त्रुटि गरेको पाइयो भने पुरुषको वस्तुगत प्रश्नमा १० प्रतिशतले कुनैपनि प्रतिक्रिया दिएको पाइएन । काल, पक्ष र भावमा वस्तुगत, विषयगत र स्वतन्त्र लेखन प्रश्नहरुमा क्रमशः २५, ३५, ०,

४०, १५, २०, ५, ३० र १० प्रतिशतले त्रुटि गरेको पाइयो । कालको स्वतन्त्र लेखनमा २०, पक्षको स्वतन्त्र लेखनमा ३० , भावको वस्तुगत प्रश्नमा १० प्रतिशतले त्रुटि गरेको र स्वतन्त्र लेखनमा १५ प्रतिशतले कुनैपनि प्रतिक्रिया दिएको पाइएन । वाच्य र कारकमा वस्तुगत, विषयगत र स्वतन्त्र लेखनमा क्रमशः ४०, १०, २०, ५५, ५० र ४० प्रतिशतले त्रुटि गरेको पाइयो भने विषयगत र स्वतन्त्र लेखनमा वाच्य र कारकमा क्रमशः ४०, १५, १५ र २० प्रतिशतले कुनैपनि प्रतिक्रिया दिएको पाइएन ।

यस विद्यालयका विद्यार्थीहरुले वाक्यगठनका तत्वहरुमा सबैभन्दा बढी त्रुटि गर्ने क्षेत्र कारकको वस्तुगत र विषयगतमा ५५ प्रतिशत र ५० प्रतिशत रहेको छ । सबैभन्दा बढी सही उत्तर दिने क्षेत्र वचनको वस्तुगत प्रश्नमा १०० प्रतिशत रहेको छ पाइन्छ ।निष्कर्षमा भन्नुपर्दा यस विद्यालयमा अध्ययनरत कक्षा दशका दनुवारभाषी विद्यार्थीहरुको वाक्यगठनका तत्वहरुको तथ्याङ्कीय विश्लेषण प्रतिशतलाई केलाउँदा सही प्रतिक्रिया व्यक्त गर्ने ६८.५४ र त्रुटि गर्ने २३.९६ प्रतिशत पाइएका छन् । त्यसैगरी कुनैपनि प्रतिक्रिया व्यक्त नगर्ने ७.५ प्रतिशत रहेका छन् । समग्रमा भन्नुपर्दा त्रुटि गर्ने प्रतिशत भन्दा सही उत्तर दिने प्रतिशत बढी भएको पाइयो । समग्र पक्षको तथ्याङ्कीय प्रतिशतलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।




### ४.१.३ श्री कमला उ.मा.वि. भलुवाही

श्री कमला उ.मा.वि. भलुवाहीमा कक्षा दशमा अध्ययनरत दनुवारभाषी विद्यार्थीहरुले वाक्यगठनका विविध तत्वहरुमा गरेका त्रुटिहरुलाई केलाउँदा निम्नानुसार त्रुटि गरेको पाइएको छ ।


**तालिका नं.३**

| वाक्यगठनका तत्वहरु | प्रश्नहरु | विद्यार्थी सङ्ख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ठीक | बेठीक | अनुत्तरित | जम्मा | ठीक | बेठीक | अनुत्तरित | जम्मा |
| लिङ्ग | १ | १३ | ७ | - | २० | ६५ | ३५ | — | १०० |
| | २ | १४ | ६ | - | २० | ७० | ३० | - | १०० |
| | ३ | १६ | ४ | - | २० | ८० | २० | - | १०० |
| वचन | १ | १२ | ८ | - | २० | ६० | ४० | - | १०० |
| | २ | १६ | ४ | - | २० | ८० | २० | - | १०० |
| | ३ | १४ | ४ | २ | २० | ७० | २० | १० | १०० |
| पुरुष | १ | १३ | ५ | २ | २० | ६५ | २५ | १० | १०० |
| | २ | १० | १० | - | २० | ५० | ५० | - | १०० |
| | ३ | १४ | ६ | - | २० | ७० | ३० | - | १०० |
| काल | १ | १५ | ५ | - | २० | ७५ | २५ | - | १०० |
| | २ | १६ | ४ | - | २० | ८० | २० | - | १०० |
| | ३ | १२ | ५ | ३ | २० | ६० | २५ | १५ | १०० |
| पक्ष | १ | १० | १० | - | २० | ५० | ५० | - | १०० |
| | २ | १५ | १५ | - | २० | ७५ | २५ | - | १०० |
| | ३ | १२ | ४ | ४ | २० | ६० | २० | २० | १०० |
| भाव | १ | १२ | ८ | — | २० | ६० | ४० | - | १०० |
| | २ | १४ | ६ | - | २० | ७० | ३० | - | १०० |
| | ३ | ११ | ३ | ६ | २० | ५५ | १५ | ३० | १०० |
| वाच्य | १ | १२ | ८ | - | २० | ६० | ४० | - | १०० |
| | २ | १३ | ३ | ४ | २० | ६५ | १५ | २० | १०० |
| | ३ | ९ | ३ | ८ | २० | ४५ | १५ | ४० | १०० |
| कारक | १ | १२ | ८ | - | २० | ६० | ४० | - | १०० |
| | २ | ११ | ४ | ५ | २० | ५५ | २० | २५ | १०० |
| | ३ | १३ | २ | ५ | २० | ६५ | १० | २५ | १०० |
| समग्र तथ्याङ्कीय प्रतिशत | | | | | | ६४.३७ | २६.६७ | ८.९६ | १०० |

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा यस विद्यालयका विद्यार्थीहरुले वाक्यगठनका विविध तत्व अन्तर्गत लिङ्गको वस्तुगत विषयगत र स्वतन्त्र लेखन प्रश्नहरुमा क्रमश ३५ प्रतिशत ३० प्रतिशत र २० प्रतिशत त्रुटि गरेको पाइयो ।

बचन, पुरुष, कालको वस्तुगत, विषयगत र स्वतन्त्र लेखनमा क्रमश ४० प्रतिशत, २० प्रतिशत, २० प्रतिशत, २५प्रतिशत, ५० प्रतिशत, ३० प्रतिशत, २५ प्रतिशत, २० प्रतिशत र २५ प्रतिशत त्रुटि गरेको पाइयोको छ । वचन, कालको स्वतन्त्र लेखनमा क्रमश १० प्रतिशत, १५ प्रतिशत र पुरुषको वस्तुगत लेखनमा १० प्रतिशतले कुनैपनि प्रतिक्रिया नदेखाएको पाइएको छ । पक्ष, भावमा वस्तुगत, विषयगत र स्वतन्त्र लेखनमा क्रमश ५० प्रतिशत, २५ प्रतिशत, २० प्रतिशत, पाइएको ४० प्रतिशत, ३० प्रतिशत र १५ प्रतिशत पाइएको छ  भने यी दुबैको स्वतन्त्र लेखनमा क्रमश २० प्रतिशतर ३० प्रतिशतले कुनै पनि प्रतिक्रिया दिएका छैनन् । वाच्य र कारकको वस्तुगत विषयगत र स्वतन्त्र लेखनमा क्रमश ४० प्रतिशत, १५ प्रतिशत,१५ प्रतिशत, ४० प्रतिशत, २० प्रतिशत र १० प्रतिशतले रहेको पाइएको छ । वाच्य र कारकको विषयगत र स्वतन्त्र लेखनमा क्रमश २० प्रतिशत, ४० प्रतिशत, २५ प्रतिशत र २५ प्रतिशतले कुनै पनि प्रतिक्रिया दिएका छैनन् ।वाक्यगठनका विविध पक्षका त्रुटिहरुलाई हेर्दा सबैभन्दा बढी त्रुटि पुरुषको विषयगत प्रश्नमा ५० प्रतिशत र पक्षको वस्तुगत प्रश्नमा ५० प्रतिशत पाइएको छ । सबै भन्दा वढी सही उत्तर दिने लिङ्गको स्वतन्त्र लेखनमा ८० प्रतिशत, वचन र कालको विषयगत प्रश्नमा क्रमश ८० प्रतिशत र ८० प्रतिशत पाइएको छ ।

निष्कर्षमा समग्र पक्षको आँकलन हेर्दा यस विद्यालयको विद्यार्थीहरुमा सही उत्तर दिने ६४.३७ प्रतिशत त्रुटि गर्ने २६.६७ प्रतिशत र कुनै पनि प्रतिक्रिया नदिने ८.९६ प्रतिशत रहेको छ । समग्र सबै पक्षको तथ्याङ्कीय प्रतिशतलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।



## ४.१.४ श्री मा.वि. पत्रिङ्गा

यस विद्यालयमा अध्ययनरत कक्षा १० का दनुवारभाषी विद्याथीहरुले नेपाली वाक्यगठनका विविध पक्षहरुमा गरेको त्रुटि विश्लेषण गर्दा निम्न तालिका अनुसार त्रुटि पाइएको छ ।

**तालिका नं. ४**

| वाक्यगठनका तत्वहरु | प्रश्नहरु | विद्यार्थी संख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ठीक | वेठीक | अ.प्र. | जम्मा | ठीक | वेठीक | अ.प्र. | जम्मा |
| लिङ्ग | ज्ञ | ज्ञठ | घ | | द्दण | डछ | ज्ञछ | | ज्ञण्ण |
| | द्द | ज्ञछ | छ | | द्दण | ठछ | द्दछ | | ज्ञण्ण |
| | घ | ज्ञद्ध | द्ध | द्द | द्दण | ठण | द्दण | ज्ञण | ज्ञण्ण |
| वचन | ज्ञ | ज्ञठ | घ | | द्दण | डछ | ज्ञछ | | ज्ञण्ण |
| | द्द | ज्ञछ | घ | द्द | द्दण | ठछ | ज्ञछ | ज्ञण | ज्ञण्ण |
| | घ | ज्ञद्द | घ | छ | द्दण | टण | ज्ञछ | द्दछ | ज्ञण्ण |
| पुरुष | ज्ञ | ज्ञद्द | ड | | द्दण | टण | द्धण | | ज्ञण्ण |
| | द्द | ज्ञछ | छ | | द्दण | ठछ | द्दछ | | ज्ञण्ण |
| | घ | ज्ञघ | ट | ज्ञ | द्दण | टछ | घण | छ | ज्ञण्ण |
| काल | ज्ञ | ज्ञद्ध | ट | | द्दण | ठण | घण | | ज्ञण्ण |
| | द्द | ज्ञघ | ठ | | द्दण | टछ | घछ | | ज्ञण्ण |
| | घ | ज्ञद्द | द्ध | द्ध | द्दण | टण | द्दण | द्दण | ज्ञण्ण |
| पक्ष | ज्ञ | ज्ञद्द | ड | | द्दण | टण | द्धण | | ज्ञण्ण |
| | द्द | ज्ञछ | छ | | द्दण | ठछ | द्दछ | | ज्ञण्ण |
| | घ | ज्ञघ | ठ | | द्दण | टछ | घछ | | ज्ञण्ण |
| भाव | ज्ञ | ज्ञण | ज्ञण | | द्दण | छण | छण | | ज्ञण्ण |
| | द्द | ज्ञद्द | ड | | द्दण | टण | द्धण | | ज्ञण्ण |
| | घ | द्द | ज्ञण | ड | द्दण | ज्ञण | छण | द्धण | ज्ञण्ण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वाच्य | ज्ञ | ज्ञद् | ड | | द्ण | टण | द्धण | | ज्ञण्ण |
| | द् | छ | ज्ञछ | | द्ण | द्छ | ठछ | | ज्ञण्ण |
| | घ | ड | छ | ठ | द्ण | द्धण | द्छ | घछ | ज्ञण्ण |
| कारक | ज्ञ | ज्ञद्ध | ट | | द्ण | ठण | घण | | ज्ञण्ण |
| | द् | द्ध | ज्ञट | | द्ण | द्ण | डण | | ज्ञण्ण |
| | घ | छ | ज्ञण | छ | द्ण | द्छ | छण | द्छ | ज्ञण्ण |
| समग्र तथ्याङ्कीय प्रतिशत | | | | | | छड.छद्ध | घछ.घड | ठ.ण्ड | ज्ञण्ण |


स्थलगत अध्ययन-२०७०

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा यस विद्यालयका विद्यार्थीहरुले वाक्य गठनका विविध तत्व अन्तर्गत लिङ्ग, वचन र पुरुषमा वस्तुगत, विषयगत र स्वतन्त्रलेखन प्रश्नहरुमा क्रमश १५ प्रतिशत, २५ प्रतिशत, २० प्रतिशत, १५ प्रतिशत, १५ प्रतिशत, १५ प्रतिशत, ४० प्रतिशत, २५ प्रतिशत र ३० प्रतिशतले त्रुटि गरेका छन् । लिङ्गको को स्वतन्त्र लेखनमा १० प्रतिशत, वचनको विषयगत र स्वतन्त्र लेखनमा क्रमशः १० प्रतिशत, २५ प्रतिशत र पुरुषको स्वतन्त्र लेखनमा ५ प्रतिशतले कुनै पनि प्रतिक्रिया दिएका छैनन् । काल, पक्ष, भावमा वस्तुगत विषयगत र स्वतन्त्र लेखन प्रश्नहरुमा क्रमश ३० प्रतिशत, ३५ प्रतिशत, २० प्रतिशत, ४० प्रतिशत, २५ प्रतिशत, ३५ प्रतिशत, ५० प्रतिशत, ४० प्रतिशत र ५० प्रतिशतले त्रुटि गरेका छन् । त्यसैत काल, र भावको स्वतन्त्र लेखन प्रश्नहरुमा क्रमशः २० प्रतिशत र ४० प्रतिशतले कुनै पनि प्रतिक्रिया दिएका छैनन् । वाच्य र कारको वस्तुगत विषयगत र स्वतन्त्र लेखन प्रश्नहरुमा क्रमश ४० प्रतिशत, ७५ प्रतिशत, २५ प्रतिशत, ३० प्रतिशत, ८० प्रतिशत र ५० प्रतिशत त्रुटि गरेका छन् भने यी दुवैको स्वतन्त्र लेखन प्रश्नहरुमा ३५ प्रतिशत र २५ प्रतिशतले कुनै पनि प्रतिक्रिया दिएका छैनन् ।

यस विद्यालयमा अध्ययनरत कक्षा १० का दनुवारभाषी विद्याथीहरुले सबै भन्दा बढी त्रुटि कारको विषयगत प्रश्नमा ८० प्रतिशत गरेका छन् । वाच्य गठनको सरलता र जटिलताको शिलशिलामा रहँदा सबैभन्दा बढी सही उत्तर दिने लिङ्ग र वचनको वस्तुगत प्रश्नमा क्रमशः ८५ प्रतिशत र ८५ प्रतिशत पाइएको छ ।

निष्कर्षमा समग्र पक्षको आँकलन हेर्दा यस विद्यालयका विद्यार्थीहरुमा सही उत्तर दिने ५८.५४ प्रतिशत, त्रुटि गर्ने ३४.३८ प्रतिशत र कुनै पनि प्रतिक्रिया नदिने ७.०८ प्रतिशत रहेका छन् । समग्र पक्षको आँकलन हेर्दा यस विद्यालयका विद्यार्थीहरुमा त्रुटि गर्ने भन्दा सही

प्रतिक्रिया दिने बढी भएको देखिन्छ । समग्र पक्षको तथ्याङ्कीय प्रतिशतलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।




## ४.१.५ श्री उ.मा.वि. लदाभीर

यस विद्यालयमा अध्ययनरत कक्षा १० का दनुवारभाषी विद्यार्थीहरुले नेपाली वाक्य गठनका विविध पक्षहरुमा गरेको त्रुटि विश्लेषण गर्दा निम्न तालिका अनुसार त्रुटि पाइएको छ ।

**तालिका नं. ५**

| वाक्यगठनका तत्वहरु | प्रश्नहरु | विद्यार्थी संख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ठीक | वेठीक | अ.प्र. | जम्मा | ठीक | वेठीक | अ.प्र. | जम्मा |
| लिङ्ग | ज्ञ | ज्ञठ | घ | | द्दण | डछ | ज्ञछ | | ज्ञण्ण |
| | द्द | ज्ञद्ध | ट | | द्दण | ठण | घण | | ज्ञण्ण |
| | घ | ज्ञण | ठ | घ | द्दण | छण | घछ | ज्ञछ | ज्ञण्ण |
| वचन | ज्ञ | ज्ञड | द्द | | द्दण | ढण | ज्ञण | | ज्ञण्ण |
| | द्द | ज्ञट | द्ध | | द्दण | डण | द्दण | | ज्ञण्ण |
| | घ | ज्ञद्ध | द्द | द्ध | द्दण | ठण | ज्ञण | द्दण | ज्ञण्ण |
| पुरुष | ज्ञ | ज्ञघ | द्ध | घ | द्दण | टछ | द्दण | ज्ञछ | ज्ञण्ण |
| | द्द | ज्ञज्ञ | ठ | द्द | द्दण | छछ | घछ | ज्ञण | ज्ञण्ण |
| | घ | ज्ञछ | छ | | द्दण | टछ | द्दछ | | ज्ञण्ण |
| काल | ज्ञ | ज्ञद्द | ड | | द्दण | टण | द्धण | | ज्ञण्ण |
| | द्द | ज्ञण | ड | द्द | द्दण | छण | द्धण | ज्ञण | ज्ञण्ण |
| | घ | ज्ञछ | घ | द्द | द्दण | ठछ | ज्ञछ | ज्ञण | ज्ञण्ण |


| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पक्ष | ज्ञ | ज्ञज्ञ | ट | घ | द्दण | छछ | घण | ज्ञछ | ज्ञणण |
| | द्द | ज्ञण | ज्ञण | | द्दण | छण | छण | | ज्ञणण |
| | घ | ढ | ज्ञण | ज्ञ | द्दण | द्धछ | छण | छ | ज्ञणण |
| भाव | ज्ञ | ज्ञद्द | ड | | द्दण | टण | द्धण् | | ज्ञणण |
| | द्द | ज्ञद्ध | ट | | द्दण | ठण | घण | | ज्ञणण |
| | घ | ज्ञछ | | छ | द्दण | ठछ | | द्दछ | ज्ञणण |
| वाच्य | ज्ञ | ज्ञघ | ठ | | द्दण | टछ | घछ | | ज्ञणण |
| | द्द | ज्ञण | ज्ञण | | द्दण | छण | छण | | ज्ञणण |
| | घ | ड | ज्ञण | द्द | द्दण | द्धण | छण | ज्ञण | ज्ञणण |
| कारक | ज्ञ | ढ | ज्ञज्ञ | | द्दण | द्धछ | छछ | | ज्ञणण |
| | द्द | ठ | ज्ञघ | | द्दण | घछ | टछ | | ज्ञणण |
| | घ | छ | ज्ञण | छ | द्दण | द्दछ | छण | द्दछ | ज्ञणण |
| समग्र तथ्याङ्कीय प्रतिशत | | | | | | टण | घघ.घघ | ट.टठ | ज्ञणण |

स्थलगत अध्ययन - २०७०

उपयुक्त तालिकाको वाक्यगठनका विविध पक्षहरुमा यस विद्यालयका विद्यार्थीहरुले गरेको त्रुटिलाई हेर्दा लिङ्गको वस्तुगत, विषयगत र स्वतन्त्र लेखनमा प्रश्नहरुमा क्रमश १५ प्रतिशत, ३० प्रतिशत र ३५ प्रतिशत त्रुटि गरेका छन् । लिङ्गको स्वतन्त्र लेखनको प्रश्नहरुमा १५ प्रतिशत विद्यार्थीहरुले कुनै पनि प्रतिक्रिया देखाएका छैनन् । बचन, पुरुष र कालको वस्तुगत, विषयगत र स्वतन्त्र लेखनमा क्रमश १० प्रतिशत, २० प्रतिशत, १० प्रतिशत, २० प्रतिशत, ३५ प्रतिशत, २५ प्रतिशत, ४० प्रतिशत, ४० प्रतिशत र १५ प्रतिशत त्रुटि गरेका छन् । पुरुषको वस्तुगत र विषयगत प्रश्नहरुमा क्रमश १५ प्रतिशत र १० प्रतिशतले अनि कालको विषयगत र स्वतन्त्र लेखन प्रश्नहरुमा १० प्रतिशत र १० प्रतिशतले कुनैपनि प्रतिक्रिया दिएका छैनन् । त्यस्तै वचनको स्वतन्त्र लेखनमा २० प्रतिशतले कुनैपनि प्रतिक्रिया दिएका छैनन् । पक्ष, भाव, वाच्य र कारकमा वस्तुगत, विषयगत र स्वतन्त्र लेखनमा क्रमश ३० प्रतिशत, ५० प्रतिशत, ५० प्रतिशत, ४० प्रतिशत, ३० प्रतिशत, शुन्य प्रतिशत, ३५ प्रतिशत, ५० प्रतिशत, ५० प्रतिशत, ५५ प्रतिशत, ६५ प्रतिशत र ५० प्रतिशत त्रुटि गरेका छन् । पक्षको वस्तुगत र स्वतन्त्र लेखनमा क्रमश १५ प्रतिशत र ५ प्रतिशत,

भाव, वाच्य, र कारकको स्वतन्त्र लेखनमा क्रमश २५ प्रतिशत, १० प्रतिशत र २५ प्रतिशतले कुनै पनि प्रतिक्रिया दिएका छैनन् ।


वाक्य गठनका विविध पक्षका त्रुटिलाई हेर्दा सबैभन्दा बढी त्रुटि कारकको विषयगत प्रश्नमा ६५ प्रतिशत रहेको पाइन्छ । सबै भन्दा बढी सही उत्तर वचनको वस्तुगत प्रश्नमा ९० प्रतिशत पाइएको छ । समग्र रुपमा यस विद्यालयका विद्यार्थीहरुले वाक्यगठनका आठ तत्वहरुमा गरेका त्रुटि विश्लेषणको तथ्याङ्कीय प्रतिशतलाई निष्कर्षका रुपमा हेर्दा सही प्रतिक्रिया ६० प्रतिशत, त्रुटि ३३.३३ प्रतिशत र ६.६७ प्रतिशतले कुनै पनि प्रतिक्रिया दिएका छैनन् । समग्र तथ्याङ्कलाई हेर्दा त्रुटि गर्ने भन्दा सही प्रतिक्रिया दिने प्रतिशत बढी रहेको पाइन्छ । समग्र पक्षको तथ्याङ्कीय प्रतिशतलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :




## ४.२ उपसंहार

प्रस्तुत अध्यायमा उल्लेख गरिएका त्रुटिको तथ्याङ्कीय विश्लेषलाई केलाउँदा कक्षा १० मा अध्ययनरत दनुवारभाषी विद्यार्थीहरुले नेपाली वाक्यगठनका आठ तत्वहरु लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य र कारकमा सबैभन्दा बढी सही उत्तर दिने श्री सरस्वती उ.मा.वि. डकाहा रहेको छ । समग्र तत्वहरुको उपलब्धी बढी सही उत्तर दिने विद्यालय श्री सरस्वती उ.मा.वि. डकाहामा ६८.५४ प्रीतशत रहेको देखिन्छ । स्वतन्त्रलेखन प्रश्नमा अप्रतिक्रिया बढी देखिएको र त्यसलाई पनि गल्ती नै मान्नुपर्ने भएकोले सही उत्तर दिने आंशिक मात्र भेटियो । तुलनात्मक रुपमा हेर्दा त्रुटि र सहीको समानान्तरता देखिन्छ । विद्यार्थीहरुले सरलता र जटिलताका क्रममा सरलमा भन्दा जटिलमा बढी त्रुटि गरेका छन् ।

पाँचवटा विद्यालयहरुमा गरेको वाक्यठनका समग्र पक्षको तथ्याङ्कीय विश्लेषणलाई हेर्दा सबैभन्दा बढी त्रुटि श्री मा.वि. पत्रिङ्गाका विद्यार्थीहरुले ३४.३८ प्रतिशत गरेका छन् । उ.मा.वि. लदाभीरका विद्यार्थीहरुले ३३.३३ प्रतिशत, श्री कमला उ.मा.वि. भलुवाहीका विद्यार्थीहरुले २६.६७ प्रतिशत, श्री जनजागरण उ.मा.वि. हर्षाहीका विद्यार्थीहरुले २५.२१ प्रतिशत र श्री सरस्वती उ.मा.वि. डकाहाका विद्यार्थीहरुले २३.९६ प्रतिशत त्रुटि गरेका छन् । पाँचवटा विद्यालयहरुमा भएको त्रुटिलाई यस प्रकार स्तम्भ चित्रमा देखाइएको छ ।




## ४.३ त्रुटि निराकरणात्मक शिक्षण

जग दह्रो भएमा मात्र घर बलियो हुन्छ । माध्यमिक तह भनेको उच्च माध्यमिक तहको आधार स्तम्भ हो । विद्यालय तहको कक्षा १० मा वाक्य गठनका तत्वका सम्वन्धमा पर्याप्त जानकारी गराउन र तिनमा भएका त्रुटिहरुलाई माथिल्लो तहमा निराकरण गर्न अनिवार्य नेपाली विषयको पाठ्यक्रममा त्रुटि निराकरणात्मक शिक्षण राख्नुपर्छ । उच्च तहमा त्रुटि हुनुको प्रमुख कारण भनेको विद्यालय तहमा त्रुटिको शिक्षण नभएकोले हो । तल्लो तहदेखि नै त्रुटिलाई कम गर्दै लगेमा मात्र माथिल्लो तहमा त्रुटि कम हुने देखिन्छ र केही मात्रामा त्रुटि सुधार्न सकिन्छ । अन्यथा त्रुटिहरु धेरै हुने र सुधार गर्न समेत कठिनाई पर्ने हुँदा त्रुटि निराकरणात्मक शिक्षणमा जोड दिँदै शिक्षण गर्नु उपयुक्त मानिन्छ ।

### ४.३.१. त्रुटि निराकरणात्मक शिक्षणका केही उपायहरू

त्रुटि निराकरणात्मक शिक्षणमा प्रभावकारिता ल्याई पाठ्यक्रमअनुरुपको उद्देश्यहरु पूरा गर्न निम्न उपायहरु अपनाउनुपर्ने देखिन्छ :

१. विभिन्न भाषिक समुदायबाट आएका विद्यार्थीहरुले के- कस्ता त्रुटिहरु गर्दा रहेछन् भन्ने कुराको विश्लेषण गरी तदनुरुप त्रुटि क्षेत्रको वर्गीकरण गरी भाषा शिक्षण गर्ने परिपाटी बसाल्ने ।

२. विभिन्न भाषिक समुदायका विद्यार्थीहरु विद्यालयमा आउने भएकाले तिनीहरुको व्यक्तिगत अध्ययन गरी सो अनुसार भाषा शिक्षण गर्ने ।

३. प्रयोगात्मक नेपाली भाषा शिक्षणमा जोड दिँदै सैद्धान्तिक ज्ञानलाई सुदृढ गर्ने ।

४. वादविवाद, प्रवचन आदि कार्यक्रममा भाग लिन लगाई त्रुटिहरुमा उचित निर्देशन दिने ।

५. निश्चित नियमहरुको निर्देशनमा अनुच्छेद निबन्ध आदि लेख्न लगाई त्यसमा पाइएका त्रुटिअनुसार व्यक्तिगत सल्लाह दिने ।

६. धेरै भन्दा धेरै उदाहरणहरुको प्रयोग गर्न लगाउने ।

७. व्याकरणात्मक त्रुटिहरु देखाई विद्यार्थीहरुमा शुद्ध भाषा प्रयोग गर्न अभिरुचि जगाउने ।

माथि उल्लेख गरिएका उपायहरुबाट शिक्षण गरिएको खण्डमा त्रुटि कम हुँदै जाने र स्तरीय भाषा प्रयोग गर्न सकिने देखिन्छ ।

# अध्याय पाँच

## निष्कर्ष,सुझाव र उपयोगिता

### ५.१ निष्कर्ष

भाषा भनेको विचार विनिमयको साधन हो भाषाबाट मात्र विकास सम्भव छ । संसारमा जति पनि विकास भएको छ ती सबै भाषको विकास र चेतनाको अभिवृद्ध पछि मात्र भएका छन् । नेपालमा नेपाली भाषालाई मातृभाषा, सम्पर्क भाषा, प्रशासनिक भाषा र विदेशी भाषाको रुपमा शिक्षण गर्न थालिएको छ । पूर्व प्राथमिक तहदेखि स्नातक तहसम्म अनिवार्य विषयको रुपमा नेपाली भाषाको अध्ययन अध्यापन गरिन्छ । यसो भएतापनि विद्यार्थीहरु स्तरीय नेपाली भाषाको प्रयोग गर्न सक्षम भएको पाइँदैन । यस कुरालाई ध्यान दिई वाक्यगठनका विभिन्न पक्षहरुमा निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरुले गर्ने त्रुटि र समस्याको अध्ययन तथा विश्लेषण गरी नेपाली शिक्षण प्रक्रियालाई स्तरीय बनाउनु महत्वपूर्ण ठानी प्रस्तुत विषयको छनोट गरी शोध कार्य र सम्पन्न गरिएको छ ।

प्राचीन समयमा त्रुटिलाई असफलताको प्रतीक मानिए पनि मनोवादी सम्प्रदायको सुरुवात पश्चात् यसलाई सिकाइ प्रक्रियाको सङ्केतको रुपमा मान्न थालिएको छ । १९औं शताब्दीको उत्तरार्द्धदेखि चर्चामा आएको त्रुटि विश्लेषणले छात्रछात्राहरुको सिकाइ प्रक्रिया, त्रुटि क्षेत्र र शिक्षण विधि समेत पहिल्याउन पूर्णतः सहयोग गर्दै आएको छ । त्रुटि विश्लेषण पहिलो र दोस्रो भाषा सिक्ने क्रममा त्रुटि हुनु स्वाभाविक हो । पहिलो र दोस्रो भाषा सिकाइको क्रममा त्रुटिको प्रकृति र स्वरुप फरक हुन्छ । मातृ भाषा वा पहिलो भाषाको उच्चारण, व्याकरणिक विशेषताका प्रभावहरु प्रत्यक्ष रुपमा दोस्रो भाषामा पर्छ । नेपाली मातृभाषा हुनेहरुलाई पनि स्तरीयता र स्थानीय भाषाको प्रभावले गर्दा त्रुटि हुने गरेको देखिन्छ ।

प्रस्तुत अध्ययनमा सिन्धुली जिल्लाका स्थानीय भाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्यगठन गर्दा वाक्यगठनका आठ तत्वहरु (लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, र कारक) मा गरेका विभिन्न प्रकृतिका त्रुटिहरु प्रस्तुत गरिएको छ । यस अध्ययनमा प्रस्तुत गरिएका विविध पक्षका निष्कर्षलाई बुँदागत रुपमा यसप्रकार उल्लेख गरिएको छ ।

१. प्रस्तुत अध्ययन सिन्धुली जिल्लाको कमलाखोंच भेगका श्री जनजागरण उ.मा.वि. हर्षाही, श्री सरस्वती उ.मा.वि. डकाहा, श्री कमला उ.मा.वि. भलुवाही, मा.वि. पत्रिङ्गा र उ.मा.वि. लदाभीर गरी ५ वटा विद्यालयका कक्षा १० को १०० जना विद्यार्थीहरुमा मात्र सीमित भएकोले अध्ययनको परिणाम सबै प्रकारका पछि हुने गल्तीहरुबाट मुक्त छन् भन्न सकिँदैन ।

२. कक्षा १० का दनुवारभाषी विद्यार्थीहरुले सबै भन्दा बढी त्रुटि वाच्य र कारकमा गरेका छन् ।

३. वाक्यगठनका विविध पक्षहरुमध्ये सबै भन्दा बढी सही उत्तर लिङ्ग र वचनमा पाइएको छ ।

४. यस अध्ययनमा कक्षा १० का दनुवार भाषी विद्यार्थीहरुले वाच्य र कारकको तुलनामा लिङ्ग र वचनमा कम त्रुटि गरेको पाइएको छ ।

५. कक्षा १० मा अध्ययनरत ५ वटा विद्यालयका विद्यार्थीहरुमध्ये सबै भन्दा बढी त्रुटि श्री मा.वि. पत्रिङ्गाले ३४.३८ प्रतिशत गरेको पाइएको छ ।

६. ५ वटा विद्यालयहरुको समग्र तथ्याङ्कलाई हेर्दा सबै भन्दा कम त्रुटि श्री सरस्वती उ.मा.वि. डकाहाले २३.९६ प्रतिशत गरेको पाइएको छ ।

७. ५ वटा विद्यालयहरुको समग्र पक्षलाई केलाउँदा सबै भन्दा बढी सही प्रतिक्रिया दिने विद्यालय श्री सरस्वती उ.मा.वि. डकाहाले ६८.५४ प्रतिशत र सबैभन्दा कम सही प्रतिक्रिया दिने श्री मा.वि. पत्रिङ्गाले ५८.५४ प्रतिशत रहेको पाइएको छ ।

८. वाक्यगठनमा गरेको त्रुटिपक्षलाई प्रश्नको प्रकृतिको आधारमा हेर्दा स्वतन्त्र लेखनका प्रश्नहरुमा बढी त्रुटि गरेको पाइन्छ ।

९. समग्र त्रुटिपक्षको तथ्याङ्कलाई केलाएर हेर्दा बढी भन्दा बढी त्रुटि गर्ने कारणहरुमा मातृभाषाको प्रभाव, विद्यालयको भौतिक व्यवस्थापन र शैक्षिक पक्ष कमजोर, सामाजिक तथा पारिवारिक वातावरण, उपयुक्त र प्रभावकारी शिक्षक तालिमको अभाव आदि देखिन्छ ।

१०. वाक्यगठनको सरलता र जटिलताको क्रम अनुसार लिङ्ग, वचनको तुलनामा वाच्य र कारकमा बढी त्रुटि भएको पाइएको छ ।

## ५.२ सुझाव

प्रस्तुत शोध अध्ययनको उद्देश्यअनुरुप त्रुटिहरुको विश्लेषण र विवेचनाका आधारमा त्रुटिहरुको निराकरण गरी शुद्ध भाषिक प्रयोगतर्फ उन्मुख गराउन निम्न उपायहरु अबलम्बन गर्नुपर्ने देखिन्छ ।

१. कक्षा १० का विद्यार्थीहरुद्धारा गरिने वाक्यगठन सम्बन्धी त्रुटिहरुको निराकरण गर्न उपचारात्मक शिक्षण गर्नुपर्ने देखिन्छ ।

२. माध्यमिक तहमा शिक्षण गरिने नेपाली भाषा व्याकरणका पक्षहरुमा बढी जोड दिने गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।

३. दोस्रो भाषाको रुपमा नेपाली सिक्ने विद्यार्थीहरुको पृष्ठभूमि चिनेर शिक्षण गरेमा त्रुटिमा कमी हुने देखिन्छ ।

४. विभिन्न पृष्ठभूमिबाट आएका विद्यार्थीहरुलाई छुट्टाछुट्टै समूहमा राखी शिक्षण गर्न सके त्रुटि कम गर्न सकिन्छ ।

५. व्याकरणका विशिष्ट क्षेत्रमा उचित किसिमको शोध अध्ययन गर्नु गराउनुपर्ने आवश्यकता देखिन्छ ।

६. प्राथमिक तहदेखि नै व्याकरण शिक्षण गराएमा माध्यमिक तहका विद्यार्थीहरुले गर्ने त्रुटिमा कमी आउने देखिन्छ ।

७. तल्ला कक्षादेखि माथिल्ला कक्षासम्म व्याकरणका वाक्यगठनसम्बन्धी पक्षहरुमा बढी जोड दिएर पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।

८. त्रुटि निराकरणात्मक शिक्षण गर्दा नेपाली भाषालाई अभ्यासमुखी बनाएर शिक्षण गर्नुपर्ने देखिन्छ ।

९. शिक्षकहरुलाई प्रभावकारी तालिमको व्यवस्था गरी नेपाली भाषा व्याकरण शिक्षण गर्नु पर्ने देखिन्छ ।

१०. माध्यमिक तहमा आगमनात्मक विधिद्वारा व्याकरण शिक्षण गर्दा उपयुक्त हुने र त्रुटिमा कमी आउने देखिन्छ ।

## ५.३ उपयोगिता

प्रस्तुत शोधपत्र नेपाली भाषाको व्याकरणिक कोटीको आधारमा वाक्य गठनसम्बन्धी त्रुटिहरुको अध्ययनमा आधारित छ । शैक्षणिक प्रयोगका दृष्टिले तयार पारिएको प्रस्तुत शोधपत्रले मातृभाषा नेपाली हुने र नहुने दुवैथरी विद्यार्थीहरुको लागि धेरै हदसम्म शिक्षण सिकाइ प्रक्रियामा सहयोग पुर्‍याउने देखिन्छ । शिक्षकहरुले विद्यार्थीहरुले गर्ने त्रुटिको क्षेत्र पहिचान गरी उपयुक्त र प्रभावकारी ढङ्गले शिक्षण विधिहरु प्रयोग गर्दै नेपाली भाषा शिक्षण गरेको खण्डमा शिक्षणले सही बाटो लिने देखिन्छ । विद्यार्थीहरुले भाषा अध्ययनको सिलसिलामा हुने अन्योलतालाई हटाई वाक्यगठनको कुन चाहीँ कोटिमा कस्तो वाक्य बनाउनुपर्ने हो ? के कस्तो जानकारी लिनुपर्ने हो ? कुन खालको त्रुटिलाई कसरी निराकरण गर्नु पर्ने हो ? भन्ने भ्रम हटाइ सिक्नुपर्ने विशिष्ट ज्ञान चाँडै र सजिलै सिक्न सक्छन् ।

भाषाको सिकाइ प्रक्रियामा व्याकरणको ज्ञान महत्वपूर्ण र उपयोगी हुन्छ किनभने व्याकरणबाट मात्र भाषालाई शुद्ध र सही दिशा प्रदान गर्न सकिन्छ । विद्यार्थीहरुलाई भाषा

सिक्ने क्रममा कहाँ समस्या परेको छ, कठिनाइहरुको सजिलै निराकरण गर्न शिक्षण सिकाइ प्रक्रियामा व्याकरण तत्व सम्बन्धी त्रुटि विश्लेषणको अध्ययन अत्यन्त आवश्यक छ ।

निष्कर्षमा भन्दा भाषा शिक्षणको क्षेत्रमा वाक्यगठन सम्बन्धी त्रुटि विश्लेषणको महत्वपूर्ण भूमिका रहेको छ । शिक्षक र विद्यार्थीबीच घनिष्ट सम्बन्ध स्थापित गर्न सम्बधित विषयवस्तुमा हुने शङ्का दूर गर्न, विशिष्ट ज्ञान र पर्याप्त जानकारी दिन पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ ।

### ५.३.१ नीतिगत तह

.माध्यमिक तहमा आगमनात्मक विधिद्वारा व्याकरण शिक्षण गर्दा उपयुक्त हुने र त्रुटिमा कमी आउने देखिन्छ । माध्यमिक तहमा शिक्षण गरिने नेपाली भाषा व्याकरणका पक्षहरुमा बढी जोड दिने गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।.तल्ला कक्षादेखि माथिल्ला कक्षासम्म व्याकरणका वाक्यगठनसम्बन्धी पक्षहरुमा बढी जोड दिएर पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।. शिक्षकहरुलाई प्रभावकारी तालिमको व्यवस्था गरी नेपाली भाषा व्याकरण शिक्षण गर्नुपर्ने देखिन्छ ।

### ५.३.२ प्रयोगत तह

कक्षा १० का विद्यार्थीहरुद्धारा गरिने वाक्यगठन सम्बन्धी त्रुटिहरुको निराकरण गर्न उपचारात्मक शिक्षण गर्नुपर्ने देखिन्छ । दोस्रो भाषाको रुपमा नेपाली सिक्ने विद्यार्थीहरुको पृष्ठभूमि चिनेर शिक्षण गरेमा त्रुटिमा कमी हुने देखिन्छ । विभिन्न भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरुलाई छुट्टाछुट्टै समूहमा राखी शिक्षण गर्न सके त्रुटि कम गर्न सकिन्छ । व्याकरणका विशिष्ट क्षेत्रमा उचित किसिमको शोध अध्ययन गर्नु गराउनुपर्ने आवश्यकता देखिन्छ । प्राथमिक तहदेखि नै व्याकरण शिक्षण गराएमा माध्यमिक तहका विद्यार्थीहरुले गर्ने त्रुटिमा कमी आउने देखिन्छ । त्रुटि निराकरणात्मक शिक्षण गर्दा नेपाली भाषालाई अभ्यासमुखी बनाएर शिक्षण गर्नुपर्ने देखिन्छ । माध्यमिक तहमा आगमनात्मक विधिद्वारा व्याकरण शिक्षण गर्दा उपयुक्त हुने र त्रुटिमा कमी आउने देखिन्छ ।

### ५.४ भावी अनुसन्धानका शीर्षकहरु

भविष्यमा गएर वाक्यगठनबारे निम्न शोधशीर्षकमा अध्ययन गर्दा उपयुक्त हुन सक्ने देखिन्छः

१.कक्षा दशमा अध्ययनरत् विद्यार्थीहरुले काल र पक्षमा गर्ने त्रुटिहरुको अध्ययन ।

२. निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरुले वाक्यगठनमा गर्ने त्रुटिहरुको विश्लेषण ।

३. माध्यमिक तहमा अध्ययनरत् विद्यार्थीहरुले भावमा गर्ने त्रुटि एक अध्ययन ।

# सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०५५), **सामाजिक तथा प्रायोगिक भाषाविज्ञान,** काठमाडौँ : रत्नपुस्तक भण्डार ।

..............................(२०५६), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्दति**, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

..........................(२०६७), **प्रयोगात्मक नेपाली व्याकरण**, ललितपुर : साझा प्रकाशन

कर्डर , एस.पिट (१९७३ ई. ) **इन्ट्रोड्युसिङ अप्लाइड लिङ्ग्विस्टिक** , लण्डन : पेनगुइन बुक्स

ढकाल, शान्तिप्रसाद(२०५५), **प्रायोगिक भाषाविज्ञान,** काठमाडौँ : विद्यार्थी पुस्तक भडार

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५८), **प्रायोगिक भाषा विज्ञान**, काठमाडौँ : एम्.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

तिवारी,भोलानाथ (२०२०), **भाषाविज्ञान,** वाराणसी : ज्ञानमण्डल लिमिटेड

त्रिपाठी,वासुदेव र अन्य (२०३६), **अनिवार्य नेपाली शिक्षण निर्देशिका,** काठमाडौँ : त्रि.वि.पा.वि. केन्द्र ।

ने.रा. प्र. प्र. (२०३३), **बृहत् नेपाली व्याकरण,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

...................(२०५८), **बृहत् नेपाली शब्दकोश** , काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चुडामणि (२०५३), **भाषाविज्ञान,** काठमाडौँ : साझाप्रकाशन

लम्साल, रामचन्द्र, (१९८१), **ए कम्पेरेटिभ स्टडी अफ टिचर एजुकेशन इन टर्म अफ कन्टेन्ट इनालाइसिस इडिच्युडनल चेन्ज एण्ड इफेक्टिभनेस** अजमेर कलेज अफ एजुकेसन

शर्मा, मोहनराज (२०३६), **भाषाविज्ञान र नेपाली भाषा** , काठमडौँ : नवीन प्रकाशन

शर्मा, सोमनाथ (२०४३), **मध्यचन्द्रिका,** काठमाडौँ : साझा प्रकाशन

**अप्रकाशित शोधपत्रहरु**

अधिकारी, दुर्गाप्रसाद,)०६४), **कपिलवस्तु जिल्लाका उ.मा.वि.तहमा अध्ययनरत विद्यार्थीहरुले वाक्यगठनमा गर्ने त्रुटिको विश्लेषणात्मक अध्ययन,** त्रि.वि.वि. कीर्तिपुर

काफ्ले, उषाकुमारी (०६८), **सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत दनुवारी विद्यार्थीहरुले वाक्यगठनमा गर्ने त्रुटिहरको अध्ययन,** सिन्धुली बहुमुखी क्याम्पस

ढकाल, भोलाप्रसाद (०५५), **कक्षा नौमा अध्ययनरत विद्यार्थीमा पाइने नेपाली वाक्यगठन-सम्बन्धी त्रुटिहरुको अध्ययन** , त्रि.वि.वि.कीर्तिपुर

## वस्तुगत प्रश्नावली

*विद्यालयको नाम*................................... कक्षा..............................

विद्यार्थीको नाम.......................................समय...........................

१. लिङ्गगत आधारमा तलको कुन वाक्य ठीक छ ?

क) आमा भात पकाउँछिन ।

ख) बुबा उपन्यास पढ्नुहुन्छ ।

ग) दिदी पुस्तक पढ्छे ।

घ) दाजु भाइलाई पिट्छ ।

२. वहुवचन प्रयोग भएको वाक्य कुन हो ?

क) उनीहरु सिनेमा हेर्छ ।

ख) केटो विद्यालय जान्छन् ।

ग) हामीहरु सिनेमा हेर्छौ ।

घ) हामीहरु बजार जान्छ ।

३. तलका वाक्यहरुमा द्वितीय पुरुष प्रयोग भएको ठीक वाक्य कुन हो ?

क) हामी बजार जान्छु ।

ख) तिमी सुन्तला खान्छौ ।

ग) ऊ सिनेमा हेर्छन ।

घ) तिमी घर जान्छ ।

४. सामान्य वर्तमानकाल जनाउने वाक्य कुन हो ?

क) हरि विद्यालय जाँदै थियो ।

ख) हरि विद्यालय जानेछ ।

ग) हरि विद्यालय जान्छ ।

घ) हरि विद्यालय गयो ।

५. तलका कुन वाक्यले अज्ञात पक्ष जनाउँछ ?

क) अविनाश पुस्तक पढ्छ ।

ख) गोपाल चुरोट खान्थ्यो ।

ग) विनोद मुसुक्क हाँस्यो ।

घ) अविनाश सिन्धुली गएछ ।

६. तलका कुन वाक्यले इच्छार्थ भाव जनाउँछ ?

क) भगवानले सबैको कल्याण गरुन् ।

ख) राम बजार जाऊ ।

ग) भगवानले सबैको कल्याण गर्लान् ।

घ) रविन भकुन्डो खेल्ला ।

७. भाववाच्य प्रयोग भएको वाक्य कुन हो ?

ख) रामद्धारा गृहकार्य गरिन्छ ।

ख) म त खुब रोएँ ।

ग) हरिद्धारा आँप खाइन्छ ।

घ) आफू त खुब रोइयो ।

८. अधिकरण कारक जनाउने वाक्य कुन हो ?

क) छानामाथि परेवा छ ।

ख) हरि भाइलाई पिट्छ ।

ग) विमलले आँप खायो ।

घ) सीता कचियाले घाँस काट्छिन् ।

## विषयगत प्रश्नावली

विद्यार्थीको नाम : कक्षा :

विद्यालयको नाम : समय :

तल दिइएको सबै प्रश्नहरु अनिवार्य छन् ।

१. तलका पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गी बनाउनुहोस :

क) राम विद्यालय जान्छ ।

ख) बुबा उपन्यास पढ्नुहुन्छ ।

२. एकवचनमा भएको वाक्यलाई वहुवचन र बहुवचनमा भएको वाक्यलाई एकवचन बनाउनुहोस ।

क) केटो गृहकार्य गर्छ ।

ख) उनीहरु भकुन्डो खेल्छन् ।

३. तल दिइएका वाक्यलाई तृतीय पुरुषमा बदल्नुहोस ।

क) हामी माछा मार्छौं ।

ख) म पुस्तक पढ्छु ।

४. कोष्ठकको सहायताले वाक्य परिवर्तन गर्नुहोस

क) राम पुस्तक पढ्दै थियो । (सामान्य भूत)

ख) सिता आँगनमा नाच्दै छिन् । (सामान्य वर्तमान)

५. तलका वाक्यहरुलाई आज्ञार्थ वाक्यमा परिवर्तन गर्नुहोस ?

क) बहिनी बजार जान्छे ।

ख) तिमीहरु भकुन्डो खेल्छौ ।

६. कोष्ठकको सहायताले वाक्य परिवर्तन गर्नुहोस ?

क) सीताले उपन्यास पढ्नेछिन् । (अज्ञात)

ख) हरि चुरोट खान्छ । (अभ्यस्त)

७. तलका कर्तृवाच्यका वाक्यहरुलाई कर्मवाच्यमा वदल्नुहोस ?

क) राम भात खान्छ ।

ख) स्यालले कुखुरा समात्यो ।

८. करण कारक प्रयोग भएको २ वटा वाक्य बनाउनुहोस ?

क) .............................................

ख) .............................................

९. तपाई नयाँ वर्ष कसरी मनाउनुहुन्छ ?

पन्ध्र वाक्यमा नघटाई वर्णन गर्नुहोस ?

१०. 'विद्यार्थी जीवनमा अनुशासनको महत्व' शार्षकमा १५० शब्दमा नघटाइ निवन्ध लेख्नुहोस ।